# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/ ९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १३ | काठमाडौं | आइतबार, २३ वैशाख २०८१ | Prabhab National Daily | Sunday, May 05, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**वायु प्रदूषण** | काठमाडौं तारकेश्वर नगरपालिका–२ स्थित काभ्रेस्थलीबाट शनिबार दिउँसो देखिएको काठमाडौं उपत्यका दृश्य । वायु प्रदूषण उच्च बिन्दुमा पुगेपछि काठमाडौं विश्वकै प्रदूषित सहर बनेको छ । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# धरमरमा दाहाल सरकार



■ प्रभाव संवाददाता

**काठमाडौं–** ठूला दलहरूको काँध चढेर बेलाबेला गठबन्धन परिवर्तन गरिरहने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सत्ता यतिबेला गम्भीर संकटसँग जुधिरहेको छ । एक त प्रमुख सत्ताधारी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको असन्तुष्टि, अर्कोतिर एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको आक्रोश ।

सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि लागेको सहकारी ठगी आरोप प्रकरणले दाहाल नेतृत्वको सरकारलाई उत्तिकै कमजोर बनाएको छ । शनिबारमात्र यस विषयमा छलफल गर्न प्रधानमन्त्री दाहालले पार्टीको संसदीय दलको बैठक डाकेका थिए । बैठकमा दाहालले प्रतिपक्षी सत्ता समीकरण परिवर्तनको खेलमा लागेको बताएका थिए ।

यतिबेला नेपाली कांग्रेस गृहमन्त्री लामिछानेलाई सहकारी प्रकरणमा संलग्न रहेको आरोप लगाउँदै संसदीय छानबिन समिति गठनको अडानमा छ । यही कारण अवरुद्ध बनेको संसद्को हिउँदे अधिवेशन वैशाख २ मा अन्त्य भयो । कांग्रेसको मागको कुनै सुनुवाइविना अन्त्य गरिएको संसद् अधिवेशन वैशाख २८ गतेका लागि बोलाइएको छ । कांग्रेसले यो अधिवेशनमा पनि संसदीय छानबिन समितिको माग गर्दै सदन अवरोधको तयारी गरेको छ ।

यही अधिवेशनको पूर्वसन्ध्यामा प्रधानमन्त्री दाहालले संसदीय दलको बैठकमा अहिलेको राजनीतिक अवस्थाबारे ब्रिफिङ गरेका थिए । 'प्रतिपक्षको काम भनेको समीकरण भत्काउने परम्परा नै भइसक्यो । सत्तापक्ष र प्रतिपक्षका कतिपय बाटाहरूमा आन्तरिक अन्तरविरोध भने गम्भीर प्रकारको देखिन्छ,' दाहालको भनाइ उद्धृत गर्दै माओवादी केन्द्रका एक सांसदले भने । यद्यपि दाहालले अहिले नै समीकरण भत्काउन सक्ने स्थिति नरहेको दाबी गरेका छन् ।

> समीकरण भत्काउने प्रतिपक्षको परम्परा नै भइसक्यो । सत्तापक्ष र प्रतिपक्षका कतिपय बाटाहरूमा आन्तरिक अन्तरविरोध भने गम्भीर प्रकारको देखिन्छ ।
>
> ■ **पुष्पकमल दाहाल**
> प्रधानमन्त्री

> अस्थिरता र अविश्वासको जगमा अहिलेको सरकार बनेको छ । यसकै कारणले यसको आयु चाँडै टुंगिनेवाला छ ।
>
> ■ **डा. प्रकाशशरण महत**
> प्रवक्ता, नेपाली कांग्रेस

दाहालले यस्तो दाबी गरे पनि सत्ता गठबन्धनमा एमाले अध्यक्ष केपी शर्मा ओली सुदूरपश्चिम र कोशी सरकारको नेतृत्व चयन प्रक्रियामा सन्तुष्ट छैनन् । सुदूरपश्चिममा एकीकृत समाजवादीका दीर्घ सोडारीलाई मुख्यमन्त्री बनाएपछि एमाले रुष्ट रहेको छ । एमालेले सोडारीलाई विश्वासको मत नदिने चेतावनी दिइसकेको छ । यहाँको सरकार निर्माणमा प्रधानमन्त्री दाहालको भूमिकामाथि प्रश्न उठाउँदै ओलीले यसबारे नेताहरूसँग छलफल जारी राखेका छन् । सोही कारण शनिबार मुख्यमन्त्री सोडारीले विश्वासको मत लिन बोलाइएको बैठक अनिश्चितकालका लागि स्थगित गरिएको छ ।

यही मेसोमा एकीकृत समाजवादीका अध्यक्ष नेपालले आफूलाई प्रधानमन्त्री बनाउन 'लबिइङ' तीव्र पारेका छन् । नेपाललाई नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले राष्ट्रपति रामचन्द्र पौडेलसँगसमेत यसबारे विश्वस्त पार्न भेटाइसकेको बताइएको छ । देउवालेमात्र हैन एमालेलाई पहिलो दल बनाउने रणनीतिमा रहेका ओलीलेसमेत नेपाललाई प्रधानमन्त्रीको 'अफर' गरेको बताइन्छ । अहिले एमाले ७८ सिटसहित दोस्रो दल हो । नेपाललाई प्रधानमन्त्री बनाए एकीकृत समाजवादीको १० सिटसहित एमालेको ८८ सिट पुग्ने र केही स्वतन्त्र सांसद ल्याएर प्रतिनिधिसभामा पहिलो दल बन्ने दाउमा ओली रहेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

# मुख्यमन्त्री सोडारीको सत्ता निरन्तरता थप अनिश्चित

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीको सत्ता निरन्तरता थप अनिश्चित बनेको छ । सत्तासाझेदार नेकपा एमालेको असहयोगपछि उनले विश्वासको मत लिन बोलाएको प्रदेशसभा बैठक पुनः स्थगित गरिएको छ ।

शनिबार अपराह्न ५:३० बजेका लागि बोलाइएको बैठक अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले जानकारी दिए । यसअघि शुक्रबार अपराह्न ५ बजे बस्ने भनिएको प्रदेशसभाको बैठक स्थगित गरिएको थियो । प्रदेशसभाको बैठकमा मुख्यमन्त्री सोडारीले विश्वासको मत लिने कार्यसूची थियो ।

- विश्वासको मत लिन बोलाएको बैठक पुनः स्थगित
- सत्तासाझेदार नेकपा एमाले तयार नहुँदा शनिबारको प्रदेशसभा बैठक स्थगित
- एमाले अनुपस्थित भएपछि शुक्रबारको बैठक स्थगन गरिएको थियो
- असंवैधानिक ढंगले सोडारीलाई मुख्यमन्त्रीमा नियुक्त गरिएको कांग्रेसको जिकिर, विश्वासको मत लिन खोजे अवरोध गर्ने



एमालेले आफूहरूको तयारी नपुगेको र थप छलफल गर्नुपर्ने अडान राखेपछि मुख्यमन्त्री सोडारीले विश्वासको मत पाउने/नपाउनेमा अझै स्पष्ट हुन सकेको छैन ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# रोस्टर परिवर्तन गर्न इच्छुक साढे ३५ सय जनाको सूची पठाइयो

> 'कोरियामा कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रमा रोजगारीका लागि जान इपिएस भाषा परीक्षा उत्तीर्ण गरी रोस्टरमा परेकाहरूलाई सेवा क्षेत्रमा रोस्टर परिवर्तन गर्ने अवसर दिइएको हो । इपिएस कोरिया शाखाका अनुसार तीन हजार ५७६ जनाको सूची एचआरडी कोरियामा पठाएको छ ।'

■ प्रभाव संवाददाता

**काठमाडौं–** इपिएस भाषा परीक्षा उत्तीर्ण गरी दक्षिण कोरिया रोजगारीमा जान रोस्टरमा परेका साढे ३५ सयभन्दा बढी रोस्टर परिवर्तन इच्छुक देखिएका छन् । कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रमा जान रोस्टरमा परेका उनीहरूले सेवा क्षेत्रमा रोस्टर परिवर्तन गर्न चाहेका हुन् ।

वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले सेवा क्षेत्रमा रोस्टर परिवर्तन गर्न आवेदन दिएकाहरूको सूची कोरियाको मानव संसाधन विकास (एचआरडी)मा पठाएको छ । शाखाले शुक्रबार एक सूचना गरी गरी उक्त जानकारी दिएको हो । शाखाको सूचनाअनुसार तीन हजार ५७६ जनाको सूची पठाइएको छ ।

कोरियामा कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रमा रोजगारीका लागि जान इपिएस भाषा परीक्षा उत्तीर्ण गरी रोस्टरमा परेकाहरूलाई सेवा क्षेत्रमा रोस्टर परिवर्तन गर्ने अवसर दिइएको हो । इपिएस कोरिया शाखाले यही वैशाख १४ गते एक सूचना जारी गर्दै कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रतर्फ रोस्टरमा रहेकाहरूले सेवा क्षेत्रमा रोस्टर परिवर्तन गर्न सक्ने जनाएको थियो । रोस्टरको अवधि २०२४ डिसेम्बर ३१ भित्र समाप्त हुने इच्छुक व्यक्तिहरूले रोस्टर परिवर्तन सक्ने जनाइएको थियो । एचआरडी कोरियाले रोस्टर परिवर्तन गर्न सक्ने नौ हजार ४२८ जनाको नामावलीसहितको सूची पठाएको थियो । तीमध्ये आधाभन्दा कमले मात्र रोस्टर परिवर्तन गर्न आवेदन दिएका हुन् ।




शाखाका अनुसार पहिले नै रोजगारदाताले करार सम्झौता गरिसकेको वा रोस्टर अवधि समाप्त भइसकेको वा कुनै कारणले अयोग्य भएकालाई भने रोस्टर परिवर्तन गर्न अवसर दिइएको छैन । सेवा क्षेत्र परिवर्तन गरिए पनि रोस्टरको अवधि भने थप नहुने शाखाले जनाएको छ । यदि आवेदकहरूको संख्या आवश्यक संख्याभन्दा बढी भएमा जसको रोस्टरमा अवधि छोटो छ त्यस्ता आवेदकहरूलाई प्राथमिकता दिइने बताइएको थियो ।

त्यसअघि भाषा परीक्षा पास गरेर कोरिया जान पर्खेर बसेका हजारौं युवाहरूले आफूहरूको समस्या समाधानका लागि पहल गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याललाई आग्रह गरेका थिए । गुनासो प्राप्त भएपछि श्रममन्त्री अर्यालले कोरियाका सम्बन्धित निकायका पदाधिकारीसँग पटक-पटक छलफल गरेका थिए ।

पछिल्लोपटक गत वैशाख १२ गते मन्त्री अर्यालले एचआरडी कोरिया मुख्यालयका प्रतिनिधि, एचआरडी कोरियाका नेपाल प्रतिनिधि, इपिएस शाखा र कोरिया रिटर्नी एवं रोस्टरमा रहेकाहरूबीच गुनासो सम्बोधनका लागि छलफल गराएका थिए । उक्त छलफलमा कोरियाली पक्षले समस्या समाधानका लागि शीघ्र निकास निकाल्ने प्रतिबद्धता व्यक्त गरेको थियो । परिणामस्वरूप त्यसको भोलिपल्ट अर्थात् वैशाख १३ मै कोरियाली पक्षले रोस्टर परिवर्तन गर्न सकिने निर्णय गरी इपिएस शाखालाई जानकारी गराएको थियो ।




## पृष्ठ १ बाट क्रमशः

### धरमरमा दाहाल ...

यस्तो अवस्था देखेर दाहाल स्वयं पनि नेपाललाई प्रधानमन्त्री मान्न तयार भएको बताइएको छ । यसो गर्दा दाहाल एक त आफ्नो पार्टीलाई सत्तामा राख्न सफल हुने र नेपाललाई पार्टी फुटाउँदाताकाको गुण लगाएजस्तो पनि हुने राजनीतिक विश्लेषकहरूको तर्क छ ।

कांग्रेस संस्थापनइतर भने एमालेसँग मिलेर भए पनि दाहाल नेतृत्वको सरकार ढलाउनुपर्ने रणनीतिमा देखिन्छ । डा. शेखर कोइराला, महामन्त्री गगन थापालगायत यो लाइनमा निरन्तर लागेका छन् । यो बीचमा कोइरालाले ओलीसँगसमेत भेटेका छन् । एमाले र कांग्रेस मिल्दा मात्र देशले निकाश पाउने दाबी कोइरालाको छ । '२०७० को दोस्रो संविधानसभामा जब कांग्रेस र एमाले पहिलो र दोस्रो पार्टी भए, कांग्रेस र एमाले एकै ठाउँमा उभिए अनि संविधान जारी भयो,' कोइराला भन्छन् ।

शनिबार बाँकेको कोहलपुरमा आयोजित नेपाली कांग्रेस बाँके क्षेत्र नं १ को सम्मेलनलाई सम्बोधन गर्दै कोइरालाले सहकारी ठगीमा मुछिएका गृहमन्त्री लामिछानेको अनुसन्धानका लागि संसदीय छानबिन समिति नबनेसम्म कांग्रेसले संसद् चल्न नदिने पनि बताए । 'हामीले गृहमन्त्रीको राजीनामा मागेका होइनौं, संसदीय छानबिन बनाऔं सहकारी ठगीमा उहाँको संलग्नता नदेखिए उहाँ गृहमन्त्री रहिरहनुहुने छ तर संसदीय समिति बनाउन सरकार किन डराएको ?,' कोइराला प्रश्न गरे ।

यसैबीच कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले वर्तमान सरकारको आयु लामो नरहेको ठोकुवा गरेका छन् । शनिबार विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा नेपाल प्रेस युनियन केन्द्रीय समितिले काठमाडौंमा आयोजना गरेको अन्तरक्रियामा महतले लोकतान्त्रिक सरकार चाँडै आउने बताएका हुन् । 'अस्थिरता र अविश्वासको जगमा अहिलेको सरकार बनेको छ । यसकै कारणले यसको आयु चाँडै टुंगिनेवाला छ । र, चाँडै नै लोकतन्त्रप्रति समर्पित कुराले होइन, कामले पारदर्शिता, विकास र स्थिरताप्रति समर्पित सरकार आउने छ भन्ने विश्वास दिलाउन चाहन्छु,' प्रवक्ता महतले भने ।

■■■

### मुख्यमन्त्री सोडारीको ...

शनिबार बस्ने प्रदेशसभाको बैठकबारे सबै प्रदेशसभा सदस्यलाई प्रदेशसभा सचिवालयले सूचना गरे पनि एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावल काठमाडौं आएको बताइएको छ । एमाले अनुपस्थित भएपछि शुक्रबारको बैठक स्थगन गरिएको थियो ।

सत्ता साझेदार नेकपा माओवादी केन्द्र संसदीय दलका नेता मानबहादुर धामीले बिहीबार बिहानसम्म एमालेले मुख्यमन्त्रीलाई विश्वासको मत दिनेमा स्पष्ट देखिए पनि त्यसपछि विश्वासको मतका बारेमा धारणा बदलेको बताए । उनले भने, 'एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावल आज काठमाडौं जानुभएको भन्ने सुनिएको छ, उहाँ फर्किएर आएपछि विश्वासको मत दिनुहुन्छ होला, यही समीकरण अगाडि बढ्छ ।'

सोडारीलाई असंवैधानिक ढंगले मुख्यमन्त्रीमा नियुक्त गरिएको जिकिर गर्दै नेपाली कांग्रेस संसदीय दलले मुख्यमन्त्रीले विश्वासको मत लिन खोजे अवरोध सिर्जना गर्ने निर्णय गरेको छ । शुक्रबार प्रदेशसभाको बैठक आह्वान गरिएपछि नागरिक उन्मुक्ति पार्टी( नाउपा) संसदीय दलका प्रमुख सचेतक खुशीराम डगौराले मुख्यमन्त्री सोडारीले लिने विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन (ह्वीप) जारी गरेका थिए ।

सोडारी नेतृत्वको सरकारमा नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी पक्षधर दुई प्रदेशसभा सदस्य मन्त्री छन् । नाउपा अध्यक्ष रञ्जिता अहिलेकै सत्तागठबन्धनलाई सहयोग गर्नुपर्ने पक्षमा र संस्थापक संरक्षक रेशमलाल चौधरी नेपाली कांग्रेससहितको गठबन्धनको पक्षमा छन् । सो पार्टीमा देखिएको आन्तरिक विवादकै कारण संस्थापक संरक्षक पक्षधर पाँच सदस्यको तर्फबाट प्रमुख सचेतक डगौराले विपक्षमा मत दिन ह्वीप जारी गरेका छन् ।

एमाले, माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टीका दुई सदस्य र स्वतन्त्र सदस्य डा. तारा जोशीको समर्थनमा नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता सोडारी यही वैशाख ६ गते सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका थिए । त्रिपन्न सदस्यीय प्रदेशसभामा नेपाली कांग्रेसका १८, माओवादी केन्द्रका सभामुखबाहेक १०, एमालेका ११, नागरिक उन्मुक्ति पार्टीका सात, एकीकृत समाजवादी पार्टीका चार, राप्रपाको एक र एक स्वतन्त्र सदस्य छन् । *(राससको सहयोगमा)*

# 'बालन्यायको प्रभावकारी कार्यान्वयन गर्नु राज्यको दायित्व'

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले बालन्यायको महत्त्व र आवश्यकतालाई सम्बोधन गर्न राज्यले अभिभावकीय भूमिका खेल्ने बताएका छन् । काठमाडौंमा शनिबार आयोजित बाल न्यायसम्बन्धी राष्ट्रिय गोष्ठीमा उनले बालन्याय बालअधिकारको महत्त्वपूर्ण आयाम रहेकाले त्यसको महत्त्व र आवश्यकतालाई सम्बोधन गर्न राज्यले अभिभावकीय भूमिका खेल्ने बताए । उनले भने, 'बालन्यायको उचित र प्रभावकारी कार्यान्वयन गर्नु प्रत्येक सभ्य राष्ट्रको दायित्व हो । त्यसैले नेपाल पनि त्यसमा प्रतिबद्ध छ ।'

उनले चालु आर्थिक वर्षमा काठमाडौं उपत्यकामा एउटा छुट्टै बाल अदालतको स्थापना गर्ने सरकारको तयारी भएको बताउँदै बालन्याय प्रणालीलाई सुदृढीकरण गर्नेतर्फ विभिन्न प्रयासका बावजुद थुप्रै समस्या र चुनौती विद्यमान रहेको औंल्याए ।

कार्यक्रममा भारतीय सर्वोच्च अदालतका प्रधानन्यायाधीश धनञ्जय यशवंत चन्द्रचूडले बालबालिका समाजका भविष्य रहेका बताउँदै बालबालिकाको कमजोरी र आवश्यकता पहिचान गरी सम्बोधन गर्नुपर्ने बताए। 'बालबालिका समाजको विभिन्न आयामसँग गुज्रिएका हुन्छन् । पारिवारिक विघटन, घरेलु हिंसा, गरिबी वा अरू कारणले गर्दा उनीहरूले आवश्यक मार्गदर्शन पाउँदैनन् र नकारात्मक प्रभावमा पर्दछन्,' उनले भने ।

बालबालिकालाई न्याय दिने कुरामा सम्पूर्ण कोणतर्फ ध्यानदिनु आवश्यक रहेको भन्दै चन्द्रचूडले विशेषगरी सीमान्तीकृत र पछि पारिएका समुदायका बालबालिकाले न्याय नपाउनेतर्फ सचेत रहँदै उनीहरूका तर्फबाट पनि आवाज उठाउनुपर्नेमा जोड दिए । विश्वभर नै साइबर क्राइमको जोखिम बढेको र त्यसमा मुख्य गरी बालबालिका निशानामा परेको पनि उनको भनाइ थियो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले बालबालिकाको क्षेत्रमा रहेका समस्या पहिचान गरी तिनको सामाधान गर्न आवश्यक ऐन कानुन बनाउनुपर्नेमा जोड दिए । 'नेपालले बालबालिकासम्बन्धी महासन्धीमा पक्ष राष्ट्र भएर हस्ताक्षर गरेको छ, त्यसलाई अक्षरशः पालनाका लागि हामी प्रतिबद्ध र दृढ छौं,' उनले भने, 'धेरै सन्धी र कानुनलाई अंगीकार गरिए पनि व्यवहारमा कार्यान्वयन गर्ने कुरामा खरो उत्रनुपर्ने आवश्यकता महसुस भएको छ । भविष्यमा ठोस् कदम चाल्ने छौं ।'


## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०१/२३**

महिला मिलन सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा १ वटा लट बनाई राखिएको साल गोलिया काठ ३८४.२१ घ. फि., असना गोलिया काठ ४५०.३१ घ.फि., सल्ला गोलिया काठ ६६.११ घ.फि. र अन्य गोलिया काठ ४३.६९ घ.फि. जे जस्तो छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचीकृत उद्योगले यो सूचना तेश्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री महिला मिलन सामुदायिक वन उपभोक्ता समूह**
**जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २२, वारा**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०१/२३**

वनदेवी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा १ वटा लट बनाई राखिएको साल गोलिया काठ ५४२.५१ घ. फि., असना गोलिया काठ ३६१.१७ घ.फि., सल्ला गोलिया काठ ५५.९८ घ.फि. अन्य गोलिया काठ ७७.१४ घ.फि र साल समेत जातका मिश्रीत दाउरा २०*५*५ को १.०० (एक दशमलव शुन्य) चट्टा जे जस्तो छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत उद्योगले यो सूचना तेश्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री वनदेवी सामुदायिक वन उपभोक्ता समूह**
**जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २२, वारा**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०६१/०८/२९ मा दर्ता भएको **दर्ता नं. ३११७९।०६२।०६३ को डाइमण्ड हाइड्रोपावर प्रा.ली.** को मिति २०८१/०१/२० मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः सुनिल रजौरे, इजाजतपत्र नं. ३८५, ठेगाना : अनामनगर, काठमाडौं**
**फोन नं. ९८५१३०१६५५**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. १३७३३९/०७२/०७३** को **फ्लोरिड गार्डेन रेष्टुरेन्ट प्रा.लि**. को मिति २०८०/१२/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ। अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

**लिक्विडेटरः राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१**
**फोन नं. ०१-४३६०२७५, ९८५१०६८४११, ईमेल : clnpservice@gmail.com**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. १०२०९६/०५२/०५३** को **अरनिको रालिङ्ग मिल्स प्रा.लि**. को मिति २०८१/०१/१६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

**लिक्विडेटरः जगदिश बम, इजाजतपत्र नं. ५५७**
**फोन नं. ९८५१००४४१४, ठेगानाः का.म.न.पा. वडा नं. २९**



**Invitation for Bids**

## Dhangadhi Sub-Metropolitan City
## Office of the Municipal Executive

**Dhangadhi, Kailali**

**INVITATION FOR THE BIDS**

Date of Publication: 5th May 2024 (2081/01/23 B.S.)

1. **Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Estimate Amount (Ex. VAT) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 116/DSMC/2080/081 | Construction of Factory House, Guard House, Vermic Post and Gravel Works at Gaushala Ward No.16 DSMC | 34,95,575.22 | 90,000/- | 3,000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

वैशाख २३ गते २०८१, आइतबार

| | |
|---|---|
| **मेष** | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| **वृष** | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य |
| **मिथुन** | काम । मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| **कर्कट** | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| **सिंह** | व्यवसायिक काममा फाइदा हुनेछ । |
| **कन्या** | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| **तुला** | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |
| **वृश्चिक** | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |
| **धनु** | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **मकर** | रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । |
| **कुम्भ** | दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । |
| **मीन** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख २३ गते, २०८१, ०५ मे, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



**रथयात्राको तयारी** | ललितपुरको फुल्चोकमा ऐतिहासिक रातो मच्छिन्द्रनाथको रथ बनाउँदै स्थानीय । रातो मच्छिन्द्रनाथको रथयात्रा वैशाख महिनाको शुक्लपक्ष प्रतिपदादेखि सुरू भएर असार शुक्ल चौथीसम्म मनाइन्छ । *तस्बिर: अर्चना झा/रासस*

# भूकम्पप्रभावित क्षेत्रमा स्थायी आवास लाभग्राही पहिचान गरिने

**काठमाडौं–** सरकारले भूकम्पप्रभावित क्षेत्रमा क्षति आँकलन र स्थायी आवास लाभग्राही पहिचानको प्रक्रिया अघि बढाएको छ । जाजरकोट, बझाङ र डोटी केन्द्रबिन्दु भइ गएको भूकम्पका कारण क्षति भएका निजी आवास, सार्वजनिक भवन र अन्य भौतिक संरचनाहरूको प्रबलीकरण, पुनर्निर्माण र पुनःस्थापनाका लागि क्षति आँकलनको प्रक्रिया अघि बढाएको हो ।

विस्तृत क्षति आँकलनको अवधारण स्वीकृत गरी अर्थ मन्त्रालयमा बजेटका लागि सहमति माग्ने निर्णय भएको समितिका सदस्यसचिव एवं विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखेलले जानकारी दिए । उक्त निर्णयसँगै भूकम्पप्रभावित क्षेत्रमा क्षति आँकलन तथा स्थायी आवास लाभग्राही पहिचानको काम सुरु गर्न औपचारिक रूपमा प्रक्रिया अघि बढेको हो ।

यसअघि गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले 'विपद् प्रभावितको निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८१' स्वीकृत गरिसकेको छ । प्राधिकरणका सहसचिव एवं नीति योजना तथा अनुगमन महाशाखा प्रमुख भरतमणि पाण्डेले अर्थको सहमति आउनेबित्तिकै स्थलगत रूपमा टोली खटाइने बताए । यसपटक लाभग्राही कायम गरी 'क', 'ख' र 'ग' तीनवटा वर्गमा वर्गीकरण गरी आवास पुनर्निर्माणको काम अघि बढाइने उनले बताए ।



**जाजरोकोटको भेरी नगरपालिका–१ र नलगाड नगरपालिका–१ को सिमानास्थित भूकम्पप्रभावित गाउँ ठूला बगर ।** *तस्बिर: रासस*

कार्यविधिमा स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको छ । क्षतिको प्रारम्भिक लेखाजोखा स्थानीय तहले गर्ने छ । क्षति आँकलन पनि पहिलो प्राथमिकतामा स्थानीय तहलाई दिइएको छ । स्थानीय तहले काम गर्न नसकेमा प्रदेश र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले समन्वय गर्ने छ ।

स्थानीय तहबाट आएको विवरणका आधारमा विश्लेषण गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले लाभग्राही पहिचान र कायम गर्ने छ । त्यसपछि लाभग्राही र वडाध्यक्षबीच सम्झौता हुने छ । सम्झौताको दुई वर्षभित्रमा पुनर्निर्माण सक्ने कार्यविधिमा उल्लेख छ ।

पुनर्निर्माणको अनुदान तीन किस्तामा सक्ने र तीन समूहमा विभाजन गर्ने कार्यविधि तयार पारिएको छ । समूह 'क' का लागि पाँच लाख, समूह 'ख' मा परेका लाभग्राहीका लागि चार लाख र समूह 'ग' मा परेका लाभग्राहीलाई तीन लाख अनुदान दिइने छ । पुनःस्थापनाको हकमा घडेरी खरिद गर्न बढीमा तीन लाख दिइने छ । घर निर्माणका लागि सरकारी बिक्री मूल्यको ९० प्रतिशत छुटमा ४० क्युफिट काठ उपलब्ध गराइने जनाइएको छ ।

मनसुन जन्य विपद्मा परेकाको हकमा २०७७ जेठ ३० गतेपछि, आगलागी भएकाको हकमा २०७७ मंसिर १ गतेपछि, भूकम्पबाट क्षति भएकाको हकमा २०७८ जेठ १ गतेपछि तथा हावा, हुरी, चटचाङ डुबान, बाढी, पहिरोको हकमा कार्यविधि स्वीकृत भएको मितिदेखि निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनःस्थापन लागू हुने जनाइएको छ । यसअघि २०७२ सालको भूकम्प पुनर्निर्माणका लागि पनि कार्यविधि बनाई भूकम्पको पुनर्निर्माण गरिएको थियो । *रासस*

## सच्याइएको

मिति २०८१ वैशाख २२ गते प्रकाशन भएको INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD को युएईका लागि LT No. 304248 र LT No. 304249 नं.को सेलरीमा AED हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

# वायु प्रदूषणबाट जोगिन अपिल

**काठमाडौं (प्रस)–** वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले डढेलो तथा आगलागीका घटनाहरू बढेसँगै केही दिनयता वायु प्रदूषणका कारण जन स्वास्थ्यमा असर परेको देखिएकाले त्यसबाट जोगिन अपिल गरेको छ । वायु प्रदूषणका कारण आँखा पोल्ने, नाक चिलाउने, घाटी खसखसाउने, खोकी लाग्ने समस्या तुरुन्त देखिने गर्दछन् भने दीर्घकालीन रूपमा श्वास प्रश्वास, मुटु, गर्भावस्थामा जटिलतालगायतका विभिन्न स्वास्थ्य समस्या हुने गर्दछ ।

यसले विशेषगरी वृद्धवृद्धा, बालबालिका, श्वासप्रश्वास, मुटुरोगी, दीर्घरोगी, साथै गर्भावस्थाका महिला बढी प्रभावित हुने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउन विभागले सबैमा अपिल गरेको हो ।

नेपालमा फागुन, चैत, वैशाख र जेठ महिनामा वायु प्रदूषण बढ्ने गरेको वातावरण विभागको वायु गुणस्तर मापन केन्द्रबाट प्राप्त तथ्यांकले देखाएको छ । यस अवधिमा विशेषगरी बढ्दो तापमान, कम सापेक्षित आद्रता र सुक्खा मौसमजस्ता प्राकृतिक कारणबाट हुने डढेलो, मानवीय कारण जस्तैः फोहोर तथा कृषि अवशेष जलाउँदा तथा उद्योग कलकारखाना, सवारीसाधन, भौतिक निर्माण आदिबाट निस्कने प्रदूषित धुँवा धुलोबाट वायु प्रदूषण हुने गरेको पाइएको छ ।

हाल देशका अधिकांश भूभागमा डढेलो तथा आगलागीका घटना बढिरहेको तथा डढेलोको कारणले जनधनको क्षतिका विवरण प्राप्त भइरहेका विभागले जनाएको छ । भू-उपग्रहको तथ्यांक विश्लेषणबाट प्राप्त विवरणबमोजिम सन् २०२४ को सुरुआतदेखि हालसम्म एक हजार ६५३ डढेलो तथा आगलागीका घटना भएको देखिन्छ । पछिल्लो दिनमा डढेलो तथा आगलागीका घटना बढेसँगै नेपालको अधिकांश भूभागमा वायु प्रदूषण बढेको पाइएको छ ।

प्रदूषण बढी भएका स्थानमा घर बाहिर निस्कँदा सबै नागरिकले अनिवार्य रूपमा मास्कको प्रयोग गर्न तथा वायु प्रदूषण बढाउने किसिमका क्रियाकलापजस्तै फोहोर बाल्ने, कृषिजन्य अवशेष बाल्नेलगायतका क्रियाकलाप नगर्नसमेत विभागको अनुरोध छ । सानो लापरवाहीका कारण वन डढेलोले ठूलो क्षति पुऱ्याउन सक्ने भएकाले सचेत हुनका साथै वन डढेलो नियन्त्रणका लागि जिम्मेवार निकायले सक्रियता बढाउन तथा सरोकारवाला निकायसँग हातेमालोसमेत गर्न आम समुदायलाई विभागले अपिल गरेको छ ।

# सुर्तीले दैनिक ७३ जनाको लिन्छ ज्यान

**भक्तपुर–** सुर्ती सेवनबाट मुलुकमा दैनिक ७३ जनाको ज्यान जाने गरेको बताइएको छ । स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल नेपालका महासचिव पूर्णभक्त दुवालले उक्त तथ्यांक प्रस्तुत गरेका हुन् ।

बालबालिकालाई सुर्ती र धूमपानबाट टाढा राख्ने उद्देश्यले युवा सिर्जनशील समाजले शुक्रबारदेखि सुरु गरेको विद्यालयमा सचेतना अभियानमा उनले सुर्तीको धुवाँमा विश्वमा बर्सेनि ४७ अर्ब रूपैयाँ उडिरहेकाले यसलाई रोक्न पनि अभियान थाल्नुपर्ने बताए । सुर्तीमा निकोटिन, टारलगायतका ४० भन्दा बढी किसिमका खतरनाक विषादी हुने भएकाले यसले दीर्घरोग लाग्ने उनले बताए ।

महासचिव दुवालले सुर्तीजन्य पदार्थ नियमन ऐनले १६ वर्षमुनिका बालबालिकालाई सुर्ती बेच्न बन्देज लगाएको, विद्यालयको १०० मिटर वरपरसम्म सुर्ती बेचबिखन र सेवन गर्न प्रतिबन्ध लगाएको हुँदा राज्यका निर्देशन उल्लंघन भएमा विद्यार्थी स्थानीय तह र प्रहरी प्रशासनमा उजुरी गर्न अग्रसर हुनुपर्ने औंल्याए ।

अभियानमा गणेशमान सिंह मेमोरियल अस्पतालका डा. आदित्य रञ्जितले धूमपान र सुर्ती सेवनबाट क्यान्सर, मधुमेह, मुटुरोग, दमखोकीलगायत रोग लाग्ने भएकाले यसबाट समाजलाई बचाउन विद्यार्थीलाई घरघरमा सन्देश पुऱ्याउन आह्वान गरे । धूमपान गर्ने व्यक्तिले आफूलाई मात्र रोगी पार्ने नभई आफ्नो परिवार र आफू आसपासका व्यक्तिलाई पनि बिरामी पार्ने भएकाले सार्वजनिक स्थलमा धूमपान निषेध गर्न राज्य लाग्नुपर्नेमा उनले जोड दिए । *रासस*


## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मितिः २०८१/०१/२३**

**Al Mashoor Diagnostic Service Pvt. Ltd** को साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **Al Mashoor Diagnostic Center Pvt. Ltd** ले सकार्ने व्यहोर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

## भूमि सुधार तथा मालपोत कार्यालय सर्लाही, मलंगवाको
## ३५ दिने सार्वजनिक सूचना

श्री जि सर्लाही साविक गा.वि.स मधुवनगोठ वडा नं ३ हाल विष्णु न.पा /गा.पा. वडा नं ३ मा बस्ने जय गोविन्द कल्वारलाई हकदावी गर्न आउनु बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.स. साविक गा.वि.स. मधुवनगोठ वडा नं. ३ हाल विष्णु गा.पा./न.पा. वडा नं. ३ मा बस्ने राजीनन्दन चौधरी छोरा बिन्ती प्रसाद चौधरीको नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स मधुवनगोठ वडा नं. ३ कि.नं.२६ को ज.वि. ०-२-१० र ऐ.ऐ.कि.नं. २४० को ज.वि. ०-२-० तथा ऐ.ऐ.कि.नं.३१७ को ज.वि. ०-३-१८ जग्गाको मोही महलमा रहेको जय गोविन्द साह कल्वारको नामका भगुवा/मरुवा/जग्गा नजोतेको मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८१/०१/१० को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फ कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जनकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०८१ साल बैशाख महिना २३ गते आइतबार)

मन बहादुर तुलाचनको नाति, शेर बहादुर तुलाचनको छोरा, गण्डकी प्रदेश म्याग्दी जिल्ला दाना गा.पा. वडा नं ०३, बस्ने वर्ष ९१ को मिम बहादुर तुलाचनको मिति २०८०/०९/२० मा मृत्यु भएकोले निजको नाममा यस विकास बैंक लि. को शाखा कार्यालय नागढुङगामा रहेको बचत तथा मुद्दती खातामा भएको निक्षेप रकम भुक्तानी पाउँ भनी म्याग्दी जिल्ला दाना गा.वि.स. वडा नं ०८ बस्ने श्रीमती चन्द्र कुमारी शेरचनले निवेदन दिनुभएकोले उक्त बचत तथा निक्षेप रकममा निज निवेदक बाहेक अन्य कोही कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विकास बैंकको शाखा कार्यालय नागढुङगामा सबुत प्रमाण सहित दावी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही नहुने र म्याद भुक्तान पश्चात कसैको दावी परेमा निवेदकको दावी बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलबारी, मोरङको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०१/२३ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बेलबारी, मोरङबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

| ऋणीहरुको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| १. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, कोशि. प्रदेश उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मोरङ विराटनगरमा मिति २०७७/०९/१६ मा प्रा.फ.नं.घ.उ.मो. १७६५४/०७७/०७८ कायम भई दर्ता रहेको मोरङ जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यू मनकामना फुड्स ।** **प्रोप्राइटर पुष्पा नेपाल**<br>२. **पुष्पा नेपाल**<br>ना.प्र.नं.- ४२५०३/४४५०३<br>जारी मिति - २०५४/१२/३१, जि.प्र.का. सुनसरी<br>बाबु - तोया नाथ नेपाल उपाध्याय<br>बाजे - पर्शुराम नेपाल<br>स्थायी ठेगाना- सुनसरी जिल्ला, इटहरी न.पा. वडा नं. ०४<br>हालको ठेगाना- सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ०४<br>३. **प्रकाश नेउपाने**<br>ना.प्र.नं.- २३८२३<br>जारी मिति - २०५२/०९/२४ जि.प्र.का. मोरङ<br>बाबु - भिम प्रसाद नेउपान<br>बाजे - हरि प्रसाद न्यौपाने<br>स्थायी ठेगाना- मोरङ जिल्ला, मिर्गौलिया गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना- सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ०४ | १. **भिम प्रसाद न्यौपाने**को नाममा मालपोत कार्यालय, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलिया गा.वि.स/न.पा वडा नं. ९ स्थित कित्ता नं. ८८ र १७८ को क्षे.फ. क्रमशः ०-७-०-० र ०-११-८-२ (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।<br>२. **पुष्पा नेपाल**को नाममा मालपोत कार्यालय, इनरुवा सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इटहरि उ.म.न.पा./न.पा., वडा नं. ४ स्थित कित्ता नं. २६१३ को क्षे.फ. १५२.३६ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।<br>३. धनी कुमारी बैंक लि र ऋणी **न्यू मनकामना फुड्स** कायम रही बागमति अञ्चल यातायात व्यवस्था कार्यालय ललितपुरमा दर्ता कायम रहेको ईन्जिन नं. GULAJM790819, चेसिस नं. MALBM51BLJM513115XB, सवारी नं. बा.१९ च ७७५२ को I 20 Actives थान १ । |

| व्यक्तिगत जमानीकर्ताहरुको विवरण | |
|---|---|
| १. **भिम प्रसाद न्यौपाने**<br>ना.प्र.नं.- २५१०६,<br>जारी मिति - २०३५/०७/०२, जि.प्र.का. मोरङ<br>बाबु - हरि प्रसाद न्यौपाने<br>बाजे - शंकर प्रसाद न्यौपाने<br>स्थायी ठेगाना- मोरङ जिल्ला, मिर्गौलिया गा.वि.स., वडा नं. ०९<br>हालको ठेगाना- मोरङ जिल्ला, सुन्दरहरैचा न.पा., वडा नं. ०८ | २. **विमला देवी न्यौपाने**<br>ना.प्र.नं.- २७२/३८,<br>जारी मिति - २०४३/०९/०३, जि.प्र.का. मोरङ<br>बाबु - गौरी प्रसाद दहाल<br>बाजे - महेश प्रसाद दाहाल<br>स्थायी ठेगाना- मोरङ जिल्ला, मिर्गौलिया गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना- मोरङ जिल्ला, सुन्दरहरैचा न.पा., वडा नं. ०८ |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बेलबारी, मोरङ फोन नं.०२१-४३४४२१/२२

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### अग्निपीडितलाई तत्काल राहत पुऱ्याऊ

**देशभर यतिबेला आगलागीको प्रकोप विकराल बनेको छ । हरेक दिन आगलागीबाट विभिन्न जिल्लामा गाउँ नै सखाप भएका, डढेलोले वन जंगल सखाप बनाएका, करोडौंको क्षति पुऱ्याएका समाचारहरू आइरहेका छन् । पानी नपरेर सुक्खापन बढ्दै जानु र हावाहुरी चल्ने मौसम भएकाले आगलागीका घटना बढेका हुन् । कतै मानवीय लापरवाही त कतै विद्युत् सर्ट भई आगलागी भएका छन् । आगलागीका घटना दिनानुदिन अनियन्त्रित बनिरहँदा मानवीय, भौतिक, आर्थिक क्षति बढिरहेको छ । हजारौं पशुपक्षी प्रभावित भएका छन् । प्राकृतिक क्षतिको त मूल्यांकन नै गर्न सकिने अवस्था छैन ।**

**आगलागीबाट बस्ती नै सखाप हुँदा आगलागीपीडितहरू घरविहीन भएका छन् । बस्ने बासको व्यवस्था नहुँदा खुला आकाशमुनि दिनरात कटाउन बाध्य छन् । विशेषगरी मधेस प्रदेशका जिल्लाहरू सप्तरी, सर्लाही, रौतहटलगायतका अग्निपीडितको अवस्था बेहाल रहेको खबरमा राज्यको ध्यान पुगेको देखिन्न । उनीहरू तत्काल अस्थायी आवास र राहतको पर्खाइमा रहेका छन् । चर्को गर्मी मौसममा खुला स्थानमा दिनरात कटाउनु कम्ती कष्टकर हुँदैन । अझ गर्मीको मौसममा लामखुट्टेका कारण लाग्ने विभिन्न रोगको जोखिम त छँदै छ ।**

**बासको मात्रै होइन, उनीहरूलाई तत्काल खानेकुराको पनि व्यवस्था गर्न जरुरी छ । केही संघसंस्था र स्थानीय सरकारले उनीहरूलाई राहत पुऱ्याइरहेको भए पनि पर्याप्त छैन । भएका अन्नपात सबै आगोले सखाप बनाइदिएपछि उनीहरू खाली भएका छन् । त्यसैले तत्काल राहतको खाँचो उनीहरूलाई छ । यसतर्फ प्रदेश र संघीय सरकारको ध्यान जानुपर्छ । विपद्मा परेका पीडितहरूप्रति अभिभावकीय भूमिका निभाउन राज्य चुक्नु हुँदैन ।**

**विपद्जन्य जोखिममा नेपाल अग्रस्थानमा रहेकोबारे सबै जानकार नै छौं । यसमा सरकार नहुने कुरै भएन । तर, विपद् जोखिम न्यूनीकरणमा सरकारको तयारी फितलो रहेको लगातारको घटनाले पुष्टि गरिरहेको छ । हुन त आगलागीबाट हुने क्षति न्यूनीकरण गर्ने भन्दै सरकारले देशभर खर र फुसको छाना प्रतिस्थापन गर्ने अभियान नचलाएको होइन । अहिले आगलागीले सखाप बनाइरहेका बस्तीहरू फुसका छाना भएका नै हुन् । यसले पनि देखाउँछ, सरकारको अभियान कति प्रभावकारी बने छ भन्ने । सरकारले राम्रो अभियान ल्याएर पनि कार्यान्वयन सुस्त बन्दा यस्ता घटनाबाट हुने क्षति न्यूनीकरण हुन सकिरहेको छैन । यसले योजना कार्यान्वयन प्रभावकारी र द्रुत बनाउनुपर्ने पाठ राज्य सञ्चालनमा बसेकाहरूले सिक्नुपर्छ ।**

# लगानीका अवसरको खोजी



▸▸ प्रशान्तकुमार विक

> सरकार-सरकारबीचको सम्बन्ध मात्र होइन, जनता-जनताबीचको सम्बन्ध (ट्र्याक-टु डिप्लोमेसी) तथा सम्पर्क बढाउन आवश्यक छ । त्यसैले सरकारले औपचारिक तथा अनौपचारिक माध्यमबाट लगानी आकर्षित गर्न सबै खालको पहल गर्न आवश्यक छ । लगानीमैत्री वातावरणका लागि प्रक्रियागत सरलीकरण गर्दै जानु पर्दछ । संरचनात्मक तथा नीतिगत व्यवस्थालाई चुस्त दुरुस्त पार्नुको विकल्प छैन ।

'समृद्ध नेपाल, सुखी नेपाली'को अवधारणालाई साकार पार्न नेपालमा लगानी भित्र्याउनुको विकल्प छैन । लगानीमैत्री वातावरण र लगानी आकर्षणविना नेपाल अति कम विकसित देशबाट विकासोन्मुख देशका रूपमा अगाडि बढ्न सक्दैन । उपलब्ध स्रोतसाधनको यथाशक्य उपयोग गर्न पनि लगानी आवश्यक पर्दछ । सरकारको सीमित स्रोत साधनबाट मात्र विकासका कार्यक्रमहरू सम्पन्न गर्न नसकिने भएकाले पनि द्विपक्षीय तथा बहुपक्षीय लगानी भित्र्याउन अपरिहार्य छ । तर, देशले उदार आर्थिक नीति अवलम्बन गरेको तीन दशकभन्दा बढी समय भइसक्दा पनि अपेक्षित विदेशी लगानी भित्र्याउन नसकेको अवस्था छ । राजनीतिक परिवर्तनसँगै आर्थिक विकास हुन नसक्दा देश पछाडि परेको हो । आर्थिक विकासको आधार भनेको लगानी नै हो । त्यसैले नेपाल सरकारले लगानीका अवसरहरू खोजी गर्नका लागि भनेर तेस्रो लगानी सम्मेलन, २०२४ आयोजना गरेको धेरैको ठम्याइ छ । देशको तरल राजनीतिक तथा नीतिगत अवस्थाका बाबजुद पनि सरकारले गर्न लागेको यो सम्मेलन आफैंमा सराहनीय कदम हो ।

नेपाललाई एक आकर्षक लगानी गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको दुईदिने सम्मेलनमा ५० भन्दा बढी वक्ताहरू र एक हजारभन्दा बढी सहभागी भएका छन् । बहुप्रतिक्षित र धेरैले चासोको रूपमा हेरिरहेको सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सरकारी, निजी, तथा विकास साझेदारहरूको प्रतिनिधित्व भएको छ । नेपालको राष्ट्रिय योजना, सरकारका नीति तथा कार्यक्रमहरूसँग तालमेल मिलाउँदै गर्न लागिएको सम्मेलनमा निजी क्षेत्रलाई प्राथमिकतामा राखियो ।

विशेषगरी, यो सम्मेलन प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनका लागि गरिएको प्रयासका रूपमा हेरिएको छ । त्यसैगरी, लगानीका लागि पर्यटन, ऊर्जा, सूचना प्रविधि, कृषि, निर्माण, स्वास्थ्य, शिक्षा, यातायात, खानी तथा खनिज र सहरी विकास गरी सम्भावित १० वटा क्षेत्रहरू निर्धारण गरिएको थियो । ती क्षेत्रहरूमा लगानी प्रक्रिया सहज बनाउनका लागि छ वटा प्रक्रियागत चरणहरू पनि उल्लेख गरिएको छ । लगानीका लागि आवदेन, स्वीकृति, कम्पनी दर्ता, नेपाल राष्ट्र बैंकको क्लियरेन्स, वार्ता तथा सम्झौताहरू र अनुमति, स्वीकृति र दर्तालगायतका प्रक्रियाहरू समावेश गरिएको छ । सरकारले लगानीमैत्री वातावरण तयार गर्नका लागि यस्तो खालको एकद्वार नीति अवलम्बन गरेको हो । सम्मेलन अगाडि पूर्वलगानी गोष्ठीहरू देशभित्र काठमाडौं र लुम्बिनीमा आयोजना गरिएको थियो भनेर देशबाहिर भारतको नयाँ दिल्ली, बंगलादेशको ढाका, चीनको छेन्दु, बेइजिङ, हङकङलगायतका सहरहरूमा सम्पन्न भएको थियो ।

चीनको सिचुवान प्रान्तको छेन्दु सहरमा भएको पूर्वलगानी सम्मेलनमा सहभागी हुने अवसर प्राप्त भएको थियो । अहिलेका कन्सुलेट जनरल सुरेश रावतले लगानीसँग सम्बन्धित यो पहिलो तर महत्त्वपूर्ण कार्यक्रम भएको कुरा उल्लेख गरेका थिए । सहआयोजक सिचुवान चेम्बर अफ इन्टरनेसनल कमर्सका प्रतिनिधिले पनि नेपालको विकासका लागि लगानी गर्न आवश्यक रहेको र यसले दुवै देशका जनतालाई फाइदा पुग्ने कुरा उल्लेख गरेका थिए । कार्यक्रममा सहभागी सिचुवान वोलुन इलेक्ट्रिक कम्पनी लिमिटेडका ग्लोबल सेल्स प्रतिनिधि विल लियाओलगायतले लगानीसँग सम्बन्धित प्रश्नहरू सोधेका थिए । यसले चिनियाँ लगानीकर्ताहरू लगानी गर्न उत्सुक रहेको देखिन्छ । कार्यक्रमले नेपाल लगानी भित्र्याउन आतुर छ है भन्ने सूचना प्रवाह गरेको थियो । सम्मेलनको व्यापक प्रचारप्रसारका लागि सूचना प्रविधिको अधिक प्रयोग गरिएको छ । फेसबुक तथा एक्स (ट्विटर) लगायतका सामाजिक सञ्जालको नियमित उपयोग गरिएको छ ।

चीनले नेपालीलाई यही मे १ देखि मेनल्याण्ड चाइनाका लागि भिसा प्रक्रिया निःशुल्क गर्दै छ । यसबाट दुई देशबीच आवागमन सहज हुने छ भने यसले पनि लगानीका लागि वातावरण तयार गर्न सक्दछ । अहिले नेपालमा सबैभन्दा बढी वैदेशिक लगानी गर्ने देशमा छिमेकी देश चीन र भारत नै अगाडि छन् । दुवै छिमेकी राष्ट्रहरू आर्थिक रूपमा शक्ति सम्पन्न हुँदा पनि नेपालले सोचेजस्तो आर्थिक वृद्धि तथा विकास गर्न नसक्नु चिन्ताजनक विषय हो । चीन र भारत आपसमा सहयोगीभन्दा पनि प्रतिस्पर्धी व्यवहारबाट निर्देशित हुँदा त्यसको नकारात्मक प्रभाव नेपालमा पर्नु स्वाभाविक हो । दुवै छिमेकी देशहरूको विकास हुँदा 'स्पिल ओभर इफेक्ट' का कारण नेपालमा पनि विकास हुन्छ भन्ने मान्यता नभएको होइन तर त्यसका लागि उनीहरूको चाखलाई चलाखीपूर्ण ढंगले व्यवस्थापन गर्न आवश्यक छ । उदाहरणका लागि, चीनको लगानीमा उत्पादन भएको विद्युत् संयुक्त राज्य अमेरिकाले लगानी गरेको प्रसारणलाइन हुँदै भारतीय तथा बंगलादेशको बजारमा बेच्नुपर्ने स्थिति छ । चीन, भारत र संयुक्त राष्ट्र अमेरिकाजस्ता ठूला शक्ति राष्ट्रहरूलाई नेपालमा व्यवस्थापन गर्न देशको नीति र नेतृत्वको खुबीको कुरा हो ।

अझ, दुवै छिमेकी देशसँगको बढ्दो व्यापार घाटा कम गर्नका लागि व्यापारमा विविधीकरण तथा विशिष्टीकरण आवश्यक छ । तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी लगानी गर्नु र प्राप्त आर्थिक विकासलाई सन्तुलित ढंगबाट वितरण गर्नु सरकारका अहिलेका चुनौतीका विषयहरू हुन् । त्यसका बाबजुद, नेपाल सार्क, विमस्टेक, विश्व व्यापार संगठन, बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) लगायत अन्य थुप्रै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरूको सदस्यका रूपमा रहँदै आएको छ । नेपालले बढीभन्दा बढी लगानी भित्र्याउनका लागि यी संगठन (फोरमहरू)को कूटनीतिक उपयोग गर्न सक्नु पर्दछ । साथै, गैरआवासीय नेपाली संघलगायत विदेशमा रहेको नेपालीहरू (डायस्पोरा) लाई लगानीका लागि उत्प्रेरित गर्न आवश्यक छ ।

नेपालले हालसम्म १८२ देशसँग कूटनीतिक सम्बन्ध कायम गरेको छ । ३० देशमा दूतावास खोलेको छ भने सातवटा महावाणिज्य दूतावास रहेका छन् । यी निकायहरूको उपयोग गरेर पनि लगानी भित्र्याउन सकिन्छ । सरकार-सरकारबीचको सम्बन्ध मात्र होइन, जनता-जनताबीचको सम्बन्ध (ट्र्याक-टु डिप्लोमेसी) तथा सम्पर्क बढाउन आवश्यक छ । त्यसैले सरकारले औपचारिक तथा अनौपचारिक माध्यमबाट लगानी आकर्षित गर्न सबै खालको पहल गर्न आवश्यक छ । लगानीमैत्री वातावरणका लागि प्रक्रियागत सरलीकरण गर्दै जानु पर्दछ । संरचनात्मक तथा नीतिगत व्यवस्थालाई चुस्त दुरुस्त पार्नुको विकल्प छैन । एक अन्तर्वार्तामा लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्टले विकास मन्त्रालयहरू पनि चलायमान हुनुपर्दछ भन्नुको पछाडि 'लाइन अफ एजेन्सी'को सक्रियता खोजिएको प्रस्ट हुन्छ ।

देश विकासका लागि लगानी आकर्षण गर्न सकिने पर्याप्त सम्भावनाहरू पनि छन् । देशमा युवा जनशक्ति हुनु, न्यून श्रम मूल्य, अन्तर्राष्ट्रिय संगठनहरूसँगको सहकार्य, नेपालको रणनीतिक भौगोलिक अवस्थिति, प्रविधिको उपयोग, सेवा प्रवाहमा एकद्वार प्रणाली अवलम्बन गर्नुजस्ता विषयहरू लगानी भित्र्याउनका लागि सहज परिस्थितिहरू हुन् । लगानी बोर्डका अनुसार अहिलेसम्म विभिन्न ४२ वटा परियोजना स्वीकृत भएका छन् । नेपालमा लगानी गर्नेमा होङ्सी शिवम् सिमेन्ट प्रालि, ह्वासिन सिमेन्ट, एनसेल, एसजेबिएन, स्टचाण्डर्ड चार्टर्ड बैंक, डाबर, युनिलिभर, पञ्जाब नेसनल बैंक, नेपाल एसबिआई बैंक लिमिटेड, जिएमआर माथिल्लो कर्णाली जलविद्युत् आदि प्रमुख रहेका छन् ।

वैदेशिक लगानीको कुरा गर्दा विभिन्न समयमा एनसेललगायतका बहुराष्ट्रिय कम्पनीहरूसँग नीतिगत जटिलताका कारण देखिएका समस्याहरू भविष्यमा कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बारेमा पनि ध्यान जान आवश्यक छ । थप सम्भावित लगानीकर्ताहरू (व्यक्ति वा संस्था) लाई आकर्षित गर्न लगानी बोर्डले 'रोस्टर म्यानेजमेण्ट सिस्टम' पनि लागू गरेको छ । यसअनुसार आगामी दिनमा लगानीका लागि अझै सहज वातावरण बन्न सक्दछ । रासस

*(लेखक चीनस्थित सिचुवान विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधि गरिरहेका छन्)*

## मननयोग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

# गणतन्त्रको आवरणमा तीव्र भ्रष्टाचार



▸▸ तेजकुमार कुरुम्बाङ

> साँच्चै देशमा भ्रष्टाचार अन्त्य गर्ने हो भने २०४६ सालपछिका तल्लो तहदेखि माथिसम्मको कडाइका साथ सम्पत्ति छानविन गरिनुपर्छ । नत्र भने भ्रष्टाचार भइरहने हामी टुलुटुलु हेरिरहने अवस्था रहने छ ।

यतिबेला हाम्रो देशको राजनीति असाध्यै चिन्ताजनक अवस्थामा छ । राजनीति भनेको देशलाई सही बाटोमा हिँडाउनका लागि गर्ने हो । तर गणतन्त्रपछिको नेपालको राजनीति राष्ट्र, राष्ट्रियप्रति जिम्मेवारीविहीन देखिन्छ । ठूला पार्टीहरूले देश र जनताका लागि राम्रो काम गरिरहेको देखिँदैन । खालि उनीहरू सत्ताकै लागि तँछाडमछाड गरिरहेका छन् ।

जनताले त कांग्रेस-कम्युनिस्टलाई जिताइरहेका छन् । तर खोइ त उनीहरूले जनताले चाहेअनुसार काम गरेको ? त्यसैले जनताले अब नयाँ शक्तिहरूको खोजि गरिरहेका छन् । तर नेपाली जनताले यो गणतान्त्रिक व्यवस्था नै गलत बाटोमा छ भन्ने महसुस गरिसकेका छन् । गणतन्त्रको आवरणमा ठूला दलले राष्ट्रमा ब्रह्मलुट गरिरहेका छन् । र, यो व्यवस्थाको अथवा गणतन्त्रपछि जन्मेको पार्टी राप्रपा नेपाललाई विकल्पको रूपमा नअँगाल्ने हो भने कसैले पनि देश बर्बाद हुनबाट बचाउन सक्ने छैन । यस्तै रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अथवा बालेन्द्र साह, हर्क साम्पाङजस्तालाई भोट दिएर यो भ्रष्ट गणतान्त्रिक व्यवस्था परिवर्तन हुने छैन भन्ने नेपाली जनतामा प्रस्ट रूपमा चेतना आउनुपर्ने देखिन्छ ।

यसै मेसोमा राप्रपा नेपाल फेरि संवैधानिक राजसंस्थाको पथमा आएको विषयमा विभिन्न तर्क वितर्क आइरहेका छन् । राप्रपा नेपाललाई पुनरजागरण गरेलगतै हामीले राजसंस्थालाई अलि टाढा राखेर हिन्दू राष्ट्र र संघीयता विरोधी आन्दोलन लिएर हिँडिरहेका थियौं । तर हाम्रो पार्टीमा विभिन्न पार्टीबाट पार्टी प्रवेशको लहर चल्दै गयो र यो पार्टीले आकार लिन थालेपछि राजसंस्थालाई पुनरजागरण गर्नुपर्छ भन्ने हाम्रो पार्टीमा बहुमत देखियो । यो समयको माग पनि थियो । त्यसैले राजसंस्था पनि अँगालेर राप्रपा नेपाल अगाडि बढिरहेको छ । हुन त नेपालमा व्यापक रूपमा भ्रष्टाचार भइरहेको छ । भ्रष्टाचारका बारेमा तीव्र रूपमा जनअसन्तुष्टि सार्वजनिक भइरहेका छन् । यो व्यवस्थामा हाम्रो राष्ट्रले भ्रष्टाचारको शृंखलाहरू भोगिरहनुपरेको छ । जस्तैः यो देशको सरकारमा जाने भनेकै देशमा भ्रष्टाचार गरी ब्रह्मलुट गर्न हो भन्ने स्पष्ट भएको छ ।

भ्रष्टाचार गर्न तल्लो तहदेखि माथिसम्म सेटिङ गरेर कागज मिलाउने र देशलाई लुट्ने काम भइरहेको प्रस्ट देखिन्छ । त्यसैले साँच्चै देशमा भ्रष्टाचार अन्त्य गर्ने हो भने २०४६ सालपछिका तल्लो तहदेखि माथिसम्मको कडाइका साथ सम्पत्ति छानविन गरिनुपर्छ । नत्र भने भ्रष्टाचार भइरहने हामी टुलुटुलु हेरिरहने अवस्था रहने छ ।

केपी ओलीको दुईतिहाइको सरकार भएको बेला भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्त नेम्बाङ भएको समय मेचीको काकरभिट्टादेखि दमक इटहरीहुँदै कोशी ब्यारेजसम्म सेटिङ गरेर ३५ अर्बको रेलमार्ग ट्र्याकका लागि टेण्डर गरिएको थियो । त्यो टेण्डर मेरै नेतृत्वमा उच्च अदालतमा मुद्दा हालेर अवैध रहेको ठहराइयो । र, आजसम्म उक्त टेण्डर हुन सकेको छैन । यस्ता अनेकौं योजनाहरू तयार गरेर देशको सम्पत्ति लुटिरहेको देखिन्छ ।

यसैगरी देशमा महँगीको मूल कारण भनेको ढुवानी र निर्माणसम्बन्धी ठूलठूला मेसिनहरूकै कारण हो । ती ढुवानीको साधनमा अत्यधिक रूपमा डिजेल प्रयोग गर्नुपर्ने हुन्छ । प्रतिलिटर ८० रूपैयाँबाट त्यो डिजेल १७० भन्दा बढी पुगेको अवस्थाको कारण महँगीमा प्रत्यक्ष असर परेको स्वाभाविक हो । तर राज्यले महँगी नियन्त्रणका लागि डिजेलको मूल्यवृद्धि नियन्त्रणमा बेवास्ता गरेको कारण महँगी आकासिएको छ । यही कारण व्यवसायीहरूले सम्झौता गरेका ठेक्काहरू डिजेलकै कारण काम गर्न नसक्दा यो विस्थापित हुनुपरेको छ । अन्य नून, तेल, चामललगायतका खाद्यन्नमा महँगी बढ्नुको कारण हाम्रो देशमा चाहिने उत्पादन नहुनु र उत्पादन गरेकोलाई पनि बजार व्यवस्थापन गर्न नसक्नु र सबै खाद्यवस्तुमा विदेशी निर्भरता हुनु हो ।

*(लेखक कुरुम्बाङ राप्रपा नेपालका सहमहामन्त्री हुन्)*



**नगरा देखाउँदै नगर्ची** | बागलुङको काठेखोला गाउँपालिका–४ तंग्रामस्थित गाउँमैत्री अक्षयकोष सांकृतिक संग्रहालयमा राखिएको २८० केजीको नेपालकै ठूलो दाबी गरिएको नगरा देखाउँदै नगर्चीद्वय जगरबहादुर परियार र सरबहादुर परियार । *तस्बिरः खेमराज गौतम/रासस*

# मधेस प्रदेशमा आगलागीबाट ४६ करोडको क्षति

**जनकपुरधाम (प्रस)–** मधेस प्रदेशका विभिन्न जिल्लामा आगलागीबाट विगत १० महिनामा ४६ करोड रूपैयाँभन्दा बढी मूल्य बराबरको धनसम्पत्ति जलेर नष्ट भएको छ । मधेस प्रदेश प्रहरी कार्यालयले आगलागीका सम्बन्धमा जिल्लाबाट हालसम्म संकलन गरिएको तथ्यांक विवरणअनुसार मधेस प्रदेशका आठवटै जिल्लामा आगलागीबाट क्षति भएको जनाएको छ ।

अहिले पनि प्रदेशका कुनै न कुनै स्थानमा आगलागी भइरहकाले आगलागीबाट सुरक्षित तथा सतर्क रहनका साथै पीडितलाई सहयोगका लागि आग्रह गरिएको छ । प्राप्त विवरणमा धनुषामा आठ करोड ४९ लाख रूपैयाँ, महोत्तरीमा चार करोड १४ लाख रूपैयाँ, सर्लाहीमा चार करोड ४१ लाख रूपैयाँ, सप्तरीमा पाँच करोड ४१ लाख रूपैयाँ, सिरहामा आठ करोड ४९ लाख रूपैयाँ, रौतहटमा चार करोड ९८ लाख रूपैयाँ, बारामा चार करोड १७ लाख रूपैयाँ र पर्सामा पाँच करोड ७२ लाख रूपैयाँ मूल्य बराबरको भौतिक सम्पत्ति जलेर नष्ट भएको बताइएको छ ।

मधेस प्रदेशको सिरहामा सबैभन्दा बढी तथा सर्लाहीमा सबैभन्दा कम आगलागीका घटना भएका छन् । सो अवधिमा सिरहामा २१६ तथा सर्लाहीमा १०६ आगलागीका घटना भएको विवरणमा जनाइएको छ । यसैगरी सप्तरीमा १७२, धनुषामा १४५, महोत्तरीमा १३०, रौतहटमा १८३, बारामा १२१ तथा पर्सामा १२८ आगलागीका घटना भएको विवरणमा उल्लेख गरिएको छ ।

लामो समयदेखि आकासे पानी नपरेको तथा तातो हावा र बढ्दो गर्मीका कारण आगलागीका घटना अत्यधिक भएको प्रहरीको अनुमान रहेको छ । साथै मानवीय लापरवाही तथा प्राविधिक समस्याले पनि आगलागीका घटना तथा क्षति भएको हो ।

# बालबालिका गाउँमा नबस्दा संस्कार र संस्कृति लोप हुने चिन्ता

■ **नवीन लामिछाने**

**मनाङ–** बालबालिको भविष्यको सुनिश्चितताका लागि अभिभावकले सबै त्याग गर्ने गर्दछन् । बालबालिकाको भविष्य निर्माणका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्यको खोजीमा बसाइँसराइ गर्ने गर्दछन् । यसले गर्दा स्थायीरूपमा बसाइँसराइ नगरे पनि अस्थायी सर्ने गर्दछन् ।

विकट जिल्ला मनाङका गाउँमा बालबालिकाको बसोबास नहुँदा ज्येष्ठ नागरिक चिन्तामा छन् । गण्डकी प्रदेशको विकट क्षेत्र मानिने नार्पाभूमि गाउँपालिका–१, २ र ३ मा बालबालिका भेटिँदैनन् । उनीहरूको बसोबास गाउँमा हुँदैन । त्यसले गर्दा यहाँका ज्येष्ठ नागरिक चिन्तित छन् । नारगाउँका ८६ वर्षीय याङ्चुकर्मा लामा भन्छन्, 'गाउँमा बच्चा नै भेटिदैनन्, हामी बाँच्दासम्म मात्रै हाम्रो परम्परा, संस्कार, संस्कृति रहन्छ होला, अहिलेका बच्चाहरू सबै पढ्न र काम गर्ने गरी अन्तै जान्छन्, यहाँ त बच्चा भेट्नै मुस्किल छ, गाउँमा नै बूढाबूढी मात्रै भेटिन्छ ।' यहाँ पुराना संस्कार, संस्कृति संरक्षण वृद्धवृद्धा हुँदा मात्रै रहने चिन्तामा उनी छन् ।

नारगाउँको बसोबास कसरी भयो भन्नेबारेसमेत जानकार रहेको बताउँदै उनी भन्छन्, 'हामी आत्तिएर मात्रै नहुने रहेछ, यहाँको विकास हुन नसक्दा यस्तो भएको हो, न त सडक सजिलो छ, न त गुणस्तरीय शिक्षा दिने खालको विद्यालय, अहिलेको जमानासँग मिल्ने गरी बच्चा हुर्काउन पर्‍यो, अन्यत्र गएर बसेर पढाउनुपर्ने अवस्था छ, यहाँको यस्तो अवस्था कहिलेसम्म रहन्छ, त्यति बेलासम्म यहाँ बच्चा देख्न पनि मुस्किल हुन्छ ।' बाहिर बसेर आउँदा यहाँको चलन सिक्न नमान्ने गरेको स्थानीय स्याङ्बोफुञ्चुङ लामा बताउँछन् । 'उनीहरू यहाँको संस्कृतिमा रमाउन सक्दैनन्, अनि कसरी हाम्रो संस्कार र संस्कृति रहिरन्छ,' उनी भन्छन्, 'धेरै समय बाहिर हुन्छन्, यहाँ आएर एक छिन हेर्न मन पराउँछन्, तर निर्वाह गर्न सक्दैनन् ।'

यहाँको पुरानो तथा मनाउँदै आएको संस्कार, संस्कृति, परम्परालाई निरन्तरता दिनुपर्नेमा ज्येष्ठ नागरिकको चिन्ता छ । उनीहरूले संस्कार, संस्कृति संरक्षणका लागि पुस्ता हन्तारण हुन नसक्दा लोप हुने भन्दै गुनासो गर्ने गरेका छन् । सिक्नुपर्ने बेलाका बालबालिका गाउँमा मात्रै नभई जिल्लामा नै बसोबास नहुँदा आफ्ना परम्परा, संस्कार, संस्कृति लोप हुने चिन्ता बढेको नार्पाभूमिका निवर्तमान अध्यक्ष मिङ्माछिरिङ लामा बताउँछन् ।

उन भन्छन्, 'केही वर्षपछि यहाँको स्थानीय भाषा, संस्कार, परम्परा, संस्कृति लोप हुनसक्छ, सिक्नुपर्ने अवस्थाका बालबालिका पठनपाठनकै लागि अन्यत्र जानुपर्ने बाध्यताले यो अवस्था नआउला भन्न सकिँदैन, यही बसोबास गर्ने वातावरण बनाउन स्थानीय सरकारको चासोले पुग्दैन संघीय सरकारको ध्यान पुग्नुपर्छ ।'

नार्पाभूमिका अध्यक्ष कुञ्जोतेञ्जिङ लामा यहाँ बालबालिकालाई गाउँमै राख्ने र गुणस्तरीय शिक्षा, स्वास्थ्य पुर्‍याउने प्रयासमा जुटिरहेको बताउँछन् । विद्यालय, स्वास्थ्य सेवा गुणस्तरीय र सहज बनाउँदै गएको उनको भनाइ छ । उनी भन्छन्, 'स्थानीय सरकारको बजेटले मात्रै सम्भव छैन, तर सक्दो सहयोग भने गरिरहेका छौं, यहाँ बाह्रै महिना बसोबास गर्न सक्ने स्थान पनि होइन सोहीअनुसार नै हामीले समयानुकूल बनाउँदै लगेका छौं ।' बजेटको अभावले पनि कतिपय विषय समयमा पूरा हुन नसकेका उनी बताउँछन् ।

उनका अनुसार पालिकाकै बजेटबाट नार, फु गाउँमा सहज यात्रा गर्न सकियोस् भनेर सडक सञ्जाल बनाउने काम भइरहेको छ । संघ र प्रदेश सरकारले गाउँपालिका भनेर विकटता नहेर्दा यहाँ बजेट कम आउँदा हुनुपर्ने अत्यावश्यक विकास हुन नसकेको अध्यक्ष लामा बताउँछन् । यहाँको भाषा, संस्कार, संस्कति र परम्परा लोप हुन नदिन प्राथमिकता दिएर योजना निर्माण तथा कार्यक्रमलाई बजेट व्यवस्थापन गर्ने गरिएको उनले बताए । यहाँका बालबालिकालाई यही पठनपाठन गरी बसोबास गर्ने वातावरण बनाउने प्रयासमा रहेको लामाको भनाइ छ ।

उनी भन्छन्, 'यहाँको रमणीय वातावरण हेर्न र उर्वर भूमिको उपयोग गर्दै यहीं बसोबास गर्ने वातावरण बनाउन एकीकृत बस्ती निर्माणको योजना ल्याएका छौं, तर बजेट कम नै छ, सम्भव्यताको अध्ययन गर्ने प्रयासमा रहेका छौं,' अहिले यस स्थानमा खाद्यान्न अभाव भएको अवस्थामा ढुवानीमासमेत समस्या रहेको छ ।

अत्यावश्यक वस्तु ढुवानी गर्नकै लागि सहज सडक बनाउने काम भइरहेको उनी बताउँछन् । नार्पाभूमि गाउँपालिकालाई चामेसँग जोड्नका लागि तीन मोटरेवल पुल आवश्यक रहेको छ । त्यसले गर्दा सडक सञ्जाल बनाउँदै गए पनि सहज हुन सकेको छैन । उनका अनुसार मर्स्याङ्दी नदीमाथि मोटरेवल पुल निर्माण गर्न सकिएमा सहज हुने छ । यहाँ पुल निर्माणका लागि गाउँपालिकाको बजेटबाट मात्रै सम्भव छैन । नार्पाभूमिलाई सहज सडक सञ्जालसँग जोड्न पालिकाको बजेटले पूरा गर्न नसकिने अध्यक्ष लामा बताउँछन् ।

उनी भन्छन्, 'पालिकाले बजेटले पूरा गर्न सकिँदैन, प्रदेश र संघ सरकारको ध्यान पुग्न सकेको छैन, बजेट व्यवस्थापनमा प्रदेश र संघ सरकारले चासो दिनुपर्ने हुन्छ, त्यसो हुन सकेको छैन ।' सडक सञ्जाल सहज हुन सकेमा आधुनिक प्रविधिबाट यहाँको उर्वर भूमिमा खेती गर्न सकिने छ । उत्पादन राम्रो हुना साथ सहजरूपमा बजारसम्म ढुवानी गर्न सकिनेछ । त्यसले यहाँका स्थानीयलाई गाउँमै बस्ने वातावरण निर्धारण गर्ने छ ।

यहाँको भाषा, संस्कार, संस्कृति संरक्षणका साथै बालमैत्री, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिका क्षेत्रमा सामाजिक विकास कार्यालयले भूमिका खेल्दै आएको छ । मनाङ पर्यटकीय स्थान भएकाले यहाँका पुराना र स्थानीय भाषा, संस्कार, संस्कृति संरक्षण गर्न प्रोत्साहनमा जुटेको सामाजिक विकास कार्यालयका प्रमुख नारायणप्रसाद बास्तोलाले जानकारी दिए ।

उनले भने, 'बालबालिकालाई हकअधिकारको जानकारीका साथै ज्येष्ठ नागरिकमा भएको भाषा, संस्कार, संस्कृति हस्तान्तरणमा भूमिका खेल्ने गरेका छौं, यहाँ पनि सो प्रकारका कार्यक्रम सञ्चालनलाई प्राथमिकतामा राखेका छौं ।' यसले यहाँका बालबालिकालाई गाउँ फर्काउन सहयोग पुग्ने विश्वास गरिएको छ । *रासस*

# गर्मी बढेपछि बालबालिकामा संक्रामक रोगको समस्या

**दमक (झापा)–** पूर्वी तराईमा गर्मी अधिक बढेपछि बालबालिकामा संक्रामक रोग देखिन थालेको छ । पछिल्लो समय संक्रामक रोगका कारण उपचार गर्न अस्पताल आउने बिरामी बालबालिकाको संख्या ह्वात्तै बढेको पाइएको छ ।

दमकमा रहेको विशिष्टीकृत किओच दमक बाल अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा. जयमणि श्रेष्ठका अनुसार गर्मीसँगै ग्यास्ट्रोइटेस्टाइनल समस्या, ज्वरो, झाडाबान्ता, जन्डिस निम्त्याउनेजस्ता संक्रामक रोगको समस्या बढेको छ । गर्मीका कारण बालबालिकामा विभिन्न प्रकारका एलर्जी, फंगल इन्फेक्सन, सन बर्न, कीटसम्बन्धी एलर्जी, टाउको दुखाइ, थकान, आँखामा संक्रमणलगायतका समस्या देखिने गरेको उनको भनाइ छ । सो अस्पतालमा अहिले दैनिक २०० को हाराहारीमा बालबालिका उपचार गर्न आउने गरेका छन् । यो संख्या दैनिक आउने बिरामीको दोब्बर संख्या हो ।

गर्मीको समयमा केही बच्चाले दमको लक्षणमा वृद्धि अनुभव गर्नसक्ने भएकाले पनि यो बेला अभिभावकहरूले होसियारी अपनाउनुपर्ने उनको सुझाव छ । सोही अस्पतालका बालरोग विशेषज्ञ डा. सुनिल अधिकारीले अन्य समयभन्दा गर्मीमा बालबालिकामा विभिन्न स्वास्थ्य समस्या हुने बताए ।

गर्मीमा विभिन्न ब्याक्टेरिया र भाइरस बढी बाँच्ने हुँदा खाना र पानीबाट हुने रोग निम्त्याउने पनि उनको भनाइ छ । अधिक गर्मीको यो समयमा बालबालिकाको उचित हेरचाह गर्न उनी सुझाव दिन्छन् । उनी भन्छन्, 'दिनभरि प्रशस्त पानी पिउने अवस्था सिर्जना गर्न, बाहिर बजारमा पाइने कृत्रिम जुस वा चिनीयुक्त पेयपदार्थ नखान, बासी तथा सडेगलेका खाद्यवस्तुको सेवन गर्न हुँदैन, यसतर्फ बालबालिकाका अभिभावक सतर्क हुनुपर्छ ।' *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Arabian House Restaurant Warung Bu Mariam**

पुर्व स्वीकृति मिति २०८१/०१/२१ | LT. No. 304152 | चलानी नं. ६०२१८९७६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Accountant/auditor | 1 | 0 | 3600 | १३१,६४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 2 | 0 | 1500 | ५४,८५४ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1400 | ५१,१९७ | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 2 | 0 | 1000 | ३६,५६९ | | | | | | | |
| 5 | waiter | 2 | 2 | 1500 | ५४,८५४ | | | | | | | |

कम्पनी : **Polar Bear for services and construction**

पुर्व स्वीकृति मिति २०८१/०१/२१ | LT. No. 304153 | चलानी नं. ६०२१८९७५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Driver | 1 | 0 | 1700 | ६२,१६७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | FLOWER MAKER | 0 | 1 | 1400 | ५१,१९७ | | | | | | | |
| 3 | LABOUR SERVICES | 0 | 1 | 1000 | ३६,५६९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३० गते (12st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ONE EIGHTY SPA HEALTH INSTITUTE CO

पुर्व स्वीकृति मिति २०८१/०१/२२ | LT. No.304243 | चलानी नं. ६०२१८९७४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | MASSAGIST | 11 | 0 | 150 | ६५,२१३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | waiter | 11 | 0 | 130 | ५६,५१८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३० गते (12th May 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः सिंह ट्रेनिंग सेन्टर प्रा.लि. धनुषामा मितिः २०८१ वैशाख ३१ गते (13th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Govt. License 1579/079/080
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STATIC TRADING & CONTRACTING WLL

पुर्व स्वीकृति मिति : २०८१/०१/२२ | LT. No.304123 | चलानी नं. ६०२१५१५८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Technician | 5 | 0 | 1100 | ४०,२२६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | WELDER | 6 | 0 | 1100 | ४०,२२६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३० गते (12th May, 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
श्रम ईजाजत नं. १६६९/०८०/०८१
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province
Phone No. 9843148012



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHD ABDULAZIZ AL-OHALI AND PARTNERS COMPANY LIMITED

पुर्व स्वीकृति मिति २०८०/१०/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२२ | LT. No. 298728 | चलानी नं. ६०२०४५६३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Farm Worker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३० गते (12th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी: THEO EMPLOYMENT AND TRAVEL LTD.

पुर्व स्वीकृति मिति : २०८१/०१/२० | LT. No. 303975 | चलानी नं. ६०२१८८९५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | EUR | ने.रू. | | | | | | | |
| 1 | Bartender | 5 | 0 | 800 | ११४,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chambermaid | 0 | 5 | 650 | ९२,९७० | | | | | | | |
| 3 | Cook A. | 7 | 0 | 1262 | १८०,५१० | | | | | | | |
| 4 | Cook B | 6 | 0 | 1018 | १४५,६१० | | | | | | | |
| 5 | Waitress | 0 | 2 | 700 | १००,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३० गते (12th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ६०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.S.Group of Management Pvt.Ltd.**
Govt. License 1100/073/074
Subidhanagar–32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com

प्रभाव दैनिक

रूपशाला

### राष्ट्रिय संगीतकर्मी संघको साधारणसभा वैशाख

राष्ट्रिय संगीतकर्मी संघको १८ औं वार्षिक साधारणसभा तथा छैटौं केन्द्रिय महाधिवेशन वैशाख २८ र २९ गते काठमाडौँमा आयोजना हुने भएको छ । संघले शनिबार काठमाडौँमा पत्रकार भेटघाट आयोजना गर्दै सो बारे जानकारी गराएको हो । संघका महासचिव अमृत खातीले महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेको पत्रकार भेटघाटका क्रममा बताए । संघको महाधिवेशनको उद्घाटन वैशाख २८ गते काठमाडौँको प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृहमा हुने भएको छ ।



आइतबार २३, वैशाख २०८१ (Sunday, May 05, 2024)

# दोहोरी क्विन 'आशा



■ प्रभाव संवाददाता

**काठमाडौं–** आशा बिसि सांगीतिक क्षेत्रका लागि चरि परिचित नाम हो । लोकदोहोरी गायिकाको रूपमा अलग्गै पहिचान बनाउन सफल उनी लाइभ लोकदोहोरीदेखि एल्बमसम्म छाउन सफल छन् ।

लाइभ लोकदोहोरीमा 'दोहोरी क्विन'को रूपमा परिचित उनको भर्खर बजारमा २ गीत समेत आएको छ । 'खोली खेतमा जौ छ' र 'तिरखा'बजारमा आएको छ । गीतले दिन प्रतिदिन चर्चा बटुल्दैछ। एकदशक बढी समयदेखि गायनमा सक्रिया बिसीका 'दरबार कहिले बस्ला जुगजानी घरबार', 'मेरो परानलाई', 'गिलास र कचौरा', 'हरहर बासना अगरबत्तिको', 'आबु खैरेनी', 'राङरुङको बजारैमा', 'ओइ फुलमाया', 'टोपी फुलभरेको' लगायतका गीतहरू जनजिब्रोमा झुन्डिन सफल छन् ।

तनहुँ जिल्लाको तत्कालिन मिर्लुङ गाबिस हाल भानु नगरपालिकाको वडा नम्बर १२ कवाजितमा बिक्रम सम्बत २०५३ जन्मिएकी गायिका आशा बिसिका प्रत्यक्ष दोहोरी समय समयमा सामाजिक संजाल लगायत मिडियामा समेत चर्चा पाउने गरिएकी छन् । उनको म्युजिक भिडियोले पनि चर्चा कमाउने गरेका छन् ।

बुबा गोकुल बहादुर र आमा सावित्रीको कोखबाट जन्मिएकी उनको सानैदेखि गायनमा रुचि थियो । सानोमा चर्चित गायक गायिकाको गीत गाएर सबैलाई मोहित पार्दै अगाडि बढेकी उनका स्वरको धेरैले तारिफ समेत गर्थे । सानैदेखि गाउघरमा पाएको हौसलाले गतिसंगीतमा लाग्न प्रेरणा मिलेको आशा बताउछिन् । 'म सानैदेखि गीत गुनगुनाउने मात्र होइन, विभिन्न स्तक्लबहरूद्वारा आयोजित सांस्कृतिक कार्यक्रममा भाग लिएर गीत गाउथे', आशाले भनिन् ।

आशाले करिब १२ बर्ष अगाडि कास्कीको पोखरामा रहेको एक दोहोरीसाँझबाट व्यवसाय गायन सुरु गरेकी हुन् । दोहोरी साँझबाट सुरु भएको उनको यात्रा बिस्तारै फैलिएर अहिले लाइभ लोकदोहोरीदेखि एल्बमसम्म पुग्न सफल छ ।

अहिलेसम्म रेकर्डिङ स्टुडियो मार्फत आफ्ना दुइ दर्जन हाराहाका एल्मब पस्किएकी उनी प्रत्यक्ष लाइभ दोहोरीको सिलसिलामा नेपालका ४० बढी जिल्ला पुगिसकेकी छन् । सांगीतिक क्षेत्रले उनलाई थाइल्यान्ड, सिङ्गापुर, मलेसिया, जापान, युएई लगायत देश समेत पुर्‍याइसकेको छ । रास्ट्रिय लोक भजन संस्कृति संरक्षण प्रतिष्ठान नेपालको आजिवन सदस्य एबम् रास्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान बानेश्वर कोटेश्वर समिति सदस्य समेत रहेकी आशाको गीतसंगीतमै जीवन बिताउने लक्ष्य समेत रहेको छ ।

# श्याम ज्यापुको पौभा: कला पाटन संग्रहालयमा प्रदर्शन

**काठमाडौं (प्रस)–** योङ्ग पिकासो कला र कलाकारहरूको खोजी ,सम्मान ,सर्म्वद्धन र कला श्रृजनाकै माध्यमबाट आर्थिक रूपमापनि उठाउन लागिपरेको एउटा अभियान हो । यसका प्रवर्द्धक तथा निर्देशक हुन्, अजय देशार । उनै अजय देशारको प्रवर्द्धकत्वमा यहि बिहिवारदेखि चित्रकार श्याम ज्यापुको पौभा चित्रकलाको एकल प्रदर्शनी पाटन संग्रहालयमा शुरु भएको छ ।

पाटन दरवार संग्रहालयमा आयोजित एक कार्यक्रमबीच नेपालका लागि श्रीलंकाली राजदूत सुदर्शना पाथिरानाले प्रदर्शनीको उद्घाटन गरे । निःशुल्क प्रवेशसहित सुरु भएको प्रदर्शनीमा कलाकार ज्यापुले ३ दशक अघिदेखि कोरेका तारा, बसुन्धरा, बज्रयोगिनी, वज्रवाराही आर्यतारा, लोकेश्वर जस्ता नारी पात्रका बौद्ध देवी पौभाका कला संग्रहालयमा प्रदर्शनीमा राखिएका छन् । राजदूत पाथिरानाले क्यानभासमा चित्र कोर्दै प्रदर्शनीको उद्घाटन गर्नुभएको हो । समारोहमा सम्बोधन गर्दै पाथिरानाले नेपाल र श्रीलंकको सम्बन्ध सांस्कृतिक र ऐतिहासिक रूपमा जोडिएको बताए । बुद्ध धर्मसँग सोझै जोडिएको पौभा चित्र नेपालको शान रहेको बताउँदै पाथिरानाले आगामी दिनमा नेपाल र श्रीलंकाको सम्बन्ध कला र संस्कृतिले जोड्न सक्ने बताए ।

नेपालमा विगत लामो समयदेखी नेपाली कलासँग सम्बन्धित कार्यक्रममा नेपालस्थित श्रीलंकाली राजदूतावास सहभागी हुने पाइरहेको बताउँदै राजदूत पाथिरानाले श्रीलंका र नेपालको सम्बन्ध कलाको आदानप्रदानबाट थप उचाइमा पुग्ने धारणा राखे । पौभा चित्रकार श्याम ज्यापूले आफ्नो जीवनको चित्रकलाको लामो यात्रामा यो प्रदर्शनीले छुट्टै महत्व राख्ने बताए । नेपालको मौलिक पौभा चित्र कोर्ने चलन विस्तारै हराउँदै गएको वर्तमान समयमा प्रदर्शनीले पौभा चित्रकलाको विकास र विस्तारमा महत्वपूर्ण भूमिका खेल्ने चित्रकार ज्यापूले विश्वास थियो ।

आयोजक संस्था योङ्ग पिकासोका निर्देशक अजय देशारले नेपाली मौलिक चित्रकलामा पौभा चित्रकला महत्वलाई उजागर गर्न प्रदर्शनी आयोजना गरिएको जानकारी दिए । चित्रकार देशारले कलाकारको आर्थिक जीवनलाई समृद्ध बनाउन चित्रकला व्यावसायिक बन्नुपर्नेमा जोड दिए । उद्घाटन कार्यक्रममा राजदूत पाथिराना सहित पाटन संग्रहालयकी कार्यकारी निर्देशक मञ्जु सिंह, सातुआकी प्रतिभा समाजका सचिव किरण शाक्य, खजुरिको प्रमुख जगन्नाथ महर्जन, उद्योग वाणिज्य संघ ललितपुरका पूर्व अध्यक्ष अजरमान जोशी, बुद्धधर्मका अध्ययनकर्ता शाक्य सुरेन, चित्रकार उदयचरण श्रेष्ठ, समुद्रमानसिंह श्रेष्ठसहित चित्रकार र कलाकारहरूको बाक्लो उपस्थिति थियो ।





# प्रेम थापालाई सर्वोत्कृष्ट मोडलको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** तेस्रो अमिन राष्ट्रिय म्युजिक अवार्ड २०८१ को सर्वोत्कृष्ट मोडलको उपाधि मोडल प्रेम थापाले पाएका छन् । नेपाल संगीत उद्योग संघद्वारा आयोजित 'अथक शान्त साधक विश्वनाथ केडिया' तेस्रो अमिन राष्ट्रिय म्यूजिक अवार्डको ग्राण्ड फिनाले काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमासम्पन्न भएको हो ।

बुधबार सम्पन्न कार्यक्रममा थापाले 'जाम सुस्तै सुस्तै... बेनी बजारैमा'बाट सर्वोत्कृष्ट लोक दोहोरी मोडल पुरुषको अवार्ड पाएका हुन् । उत्कृष्ट निर्देशकको अवार्ड काजिस श्रेष्ठले तिमी र म.. जाम माया.... बाट प्राप्त गरेका छन् । लामो समयदेखि म्यूजिक भिडियो निर्देशकसमेत




रहेका थापा यसअघि विभिन्न अवार्डबाट सम्मानित भइसकेका छन् । थापाले निर्देशन गरेका दुइ दुना ४, बोली झर्कै छ, मनकामना केबल कारैमा, लगायतका गीतले युट्युबमा करोडौ भ्यूज कमाएको छ । मोडल थापाले अहिलेसम्म ५ सय भन्दा बढी म्यूजिक भिडियोमा मोडलिङ तथा निर्देशन गरेका छन् । 'नेपाली गीत, संगीत र संस्कृति संरक्षणको अभियान, व्यवसायिक एकता सहितको हाम्रो पहिचान" भन्ने मुल नारा रहेको कार्यक्रममा नेपाल संगीत उद्योग संघका अध्यक्ष सूर्यबहादुर मगरले नेपालको मौलिक कला संस्कृतलाई बचाइ राख्न यस्ता अर्वाडहरूले ठूलो भूमिका राख्ने बताए ।

कार्यक्रमका प्रमुख अतिथिका रूपमा मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी उपस्थित थिए । कार्यक्रमको फाइनल अवार्ड कार्यक्रममा कुमार बस्नेत, उदय सोताङ, मनिला सोताङ र हरी गोपाल प्रधानलाई दशक गायक सम्मान २०८१ प्रदान गरिएको थियो ।



# वेस्ट इन्डिज 'ए' विरुद्ध अनिल र आशिफ लयमा फर्कंदा नेपालको सान्त्वना जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** सिरिज गुमाइसकेको नेपालले वेस्ट इन्डिज 'ए' विरुद्धको अन्तिम खेलमा सानदार जित हासिल गरेको छ । शनिबार सम्पन्न खेलमा नेपाल ६ विकेटले विजयी भएको हो । योसँगै नेपालले सान्त्वना जितसहित ५ खेलको टी-२० शृंखला वेस्ट इन्डिजलाई ३-२ ले सुम्पिएको छ। पहिलो खेलमा नेपाल ४ विकेटले विजयी भएको थियो । तर, त्यसपछिका तीन खेलमा भने वेस्ट इन्डिज हाबी हुँदै लगातार जित हासिल गर्न सफल भयो ।

दोस्रो खेल १० रनले जितेको वेस्ट इन्डिजले तेस्रो खेल ७६ रनले जित्दै शृंखलामा अग्रता बनाएको थियो । यस्तै, तेस्रो खेलमा २८ रनको जित हासिल गर्दै वेस्ट इन्डिजले शृंखला ३-१ ले आफ्नो पक्षमा पारिसकेको थियो । वेस्ट इन्डिजले दिएको १७३ रनको लक्ष्य नेपालले १८.५ ओभरमा ४ विकेट गुमाउँदै पूरा गर्‍यो । नेपालको जितमा अनिल र आशिफ नायक बने ।

यसअघि ३ इनिङ्स खेलका अनिलले ६.६६ को औसत र ८३.३३ को स्ट्राइक रेटमा २० रन मात्रै बनाएका थिए । पहिलो खेलमा ९ बलमा ५ रन बनाएका उनी म्याथ्यू फोर्डेको बलमा कादिम एलीनबाट क्याच आउट भएका थिए । दोस्रो खेलमा भने उनले ५ बलमा १ रन मात्रै बनाउन सके । ओशान थोमसको बललाई प्रहार गर्ने क्रममा उनी विकेटकिपर आन्द्रे फ्लेचरबाट क्याच आउट भए ।

तेस्रो खेलमा १० बल खेलेकका अनिल २ छक्का प्रहार गर्दै १४ रन बनाएर पेभिलियन फर्किएका थिए । गुडाकेश मोटीको बलमा उनी कप्तान रोस्टन चेजबाट क्याच आउट भएका हुन् । त्यसपछि चौथो खेलमा उनलाई देसाईंले आराम दिएका थिए । तर, पाँचौं खेलमा पुनः टोलीमा फर्किएका उनले ४५ बलमा ४ चौका र ४ छक्कासहित ५८ रन प्रहार गरे । यस्तै, चौथो खेलमा शून्य रनमा आउट भएका आशिफले पनि पाँचौं खेलमा पुनरागमन गरे ।

३५ बल खेलेक उनले २ चौका र ५ छक्का प्रहार गरे । आशिफले ५ खेलको टी-२० शृंखलामा दुई पटकमात्रै टोलीमा स्थान बनाउन सके । अर्का ओपनर कुशल भुर्तेल भने लयमा फर्किन सकेनन् । यसअघि दुई खेलमा १७ रन बनाएका उनी पाँचौं खेलमा भने १३ रन बनाएर पेभिलियन फर्किए ।

कुशल मल्ल ३७ र रोहितकुमार पौडेल शून्य रनमा अविजित रहँदा दीपेन्द्रसिंह ऐरीले ५ रन बनाए । वेस्ट इन्डिजका ओबेल म्याकोइले सर्वाधिक ३ विकेट लिए । ३.५ ओभर बलिङ गरेका उनले ३६ रन खर्चिए । यस्तै, म्याथ्यू फोर्डेको नाममा १ विकेट रह्यो । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १७२ रन बनाएको थियो ।

वेस्ट इन्डिजका एलिक एथानजेले अविजित रहँदै सर्वाधिक ४१ रन बनाए । २९ बल खेलेका उनले १ चौका ३ छक्का प्रहार गरे । २३ बल खेलेका कप्तान रोस्टन चेल्सले ५ चौकासहित ३३ रन बनाए । यस्तै, जोनसन चार्ल्स २४, म्याथ्यू फोर्डे २३ रनमा आउट हुँदा अन्यले भने राम्रो प्रदर्शन गर्न सकेनन् । नेपालका सोमपाल कामी र सागर ढकालले उत्कृष्ट प्रदर्शन गरे । ४ ओभरमा १६ रन खर्चिएका सोमपालले ३ विकेट लिए । २ ओभर बलिङ गरेका सागरले भने ३ विकेट लिन १७ रन खर्चिए । यस्तै, अविनाश बोहराले १ विकेट लिए ।

### रोहित 'प्लेअर अफ दी सिरिज'

नेपाली राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडल 'प्लेअर अफ दी सिरिज' भएका छन् । रोहितले वेस्ट इन्डिज 'ए' विरुद्धको ५ खेलको शृंखलाका ४ इनिङ्समा १ शतक र २ अर्धशतकसहित २६५ रन बनाएका थिए । वेस्ट इन्डिजविरुद्धको पहिलो खेलमा रोहितले ११२ रनको शतकीय इनिङ्स खेलेका थिए । ५४ बल खेलेका उनले १० चौका र ६ छक्का प्रहार गरे ।

दोस्रो खेलमा पनि रोहितले उही लयलाई पछ्याउँदै नेपालको स्कोर कार्डमा ७१ रन थपे । ४८ बल खेलेका उनले अविजित रहँदै ६ चौका र २ छक्का प्रहार गरे । तर, तेस्रो खेलमा भने मुख्य प्रशिक्षक मोन्टी देसाईंले उनलाई आराम दिएका थिए । बिहीबार भएको चौथो खेलमा ४७ बल खेलेका रोहितले ७ चौका र ५ छक्कासहित ८२ रनको अविजित इनिङ्स खेलेका थिए ।

# नेपालले काभाका दुई प्रतियोगिता आयोजना गर्ने

**काठमाडौं (प्रस)–** नेपालले सेन्ट्रल एशियन भलिबल एसोसिएसन (काभा)का महिला र पुरुषतर्फ दुई प्रतियोगिता आयोजना गर्ने भएको छ । काभाले शनिबार सार्वजनिक गरेको वार्षिक क्यालेन्डरअनुसार नेपालले नेसन्स लिग (महिला) र क्लब च्याम्पियनसिप (पुरुष) आयोजना गर्ने भएको हो ।

नेसन्स लिग अगस्ट १ देखि ७ सम्म काठमाडौंमा आयोजना हुने काभाले जनाएको छ । यसको पुरुषतर्फको प्रतियोगिता भने पाकिस्तानले आयोजना गर्ने भएको छ । इस्लामवादमा हुने प्रतियोगिता मे ११ देखि १७ सम्म हुने छ । यस्तै, २०२४ को अन्त्यमा नेपालले क्लब च्याम्पियनसिप आयोजना गर्ने छ । काठमाडौंमै हुने प्रतियोगिता ७ देखि १४ डिसेम्बरसम्म आयोजना हुने काभाले जनाएको छ । महिलातर्फको प्रतियोगिता भने मालदिभ्सले आयोजना गर्ने भएको छ । मालेमा आयोजना हुने प्रतियोगिता १४ देखि २० सेप्टेम्बरसम्म आयोजना हुने छ । उज्बेकिस्तानले यू-१८ महिला र पुरुष च्याम्पियनसिप आयोजना गर्ने छ । मालदिभ्सले महिला क्लब च्याम्पियनसिपसँगै, च्यालेन्ज कप र यू-२० महिला च्याम्पियनसिप आयोजना गर्ने छ। श्रीलंकाले यू-२० पुरुष च्याम्पियनसिप र बंगलादेशले पुरुष च्यालेन्ज कप आयोजना गर्ने क्यालेन्डरमा उल्लेख छ ।

# बालविद्या र साइनगाउँ सेमिफाइनलमा

**स्याङ्जा (प्रस)–** बाल विद्या र साइन गाउँ वालिङ आठौँ अरहन्त मेमोरियल कपको सेमिफाइनलमा पुगेका छन् । वालिङ खेल मैदानमा शनिबार सम्पन्न खेलमा भूपू सैनिक चापाकोटलाई हराउँदै बाल विद्या र नेपाल आदर्शलाई हराउँदै साइन गाउँ अन्तिम चारमा पुगेका हुन् । दिनको पहिलो खेलमा पोल 'सी' मा रहेको बाल विद्याले भूपू सैनिकलाई १-० गोल अन्तरले पराजित गर्‍यो । बाल विद्याका लागि मानस ठकुरीले गरेको गोल नै निर्णायक बन्यो ।



जितसँगै बाल विद्याले २ खेलबाट ६ अंक जोड्यो । पहिलो खेलमा बाल विद्याले भूपू सैनिक बेयरघारीलाई १-० गोल अन्तरले नै पराजित गरेको थियो ।

यस्तै, दिनको दोस्रो खेलमा पोल 'बी' मा रहेको साइन गाउँले नेपाल आदर्शलाई २-१ गोल अन्तरले पराजित गर्‍यो । साइन गाउँका आयुष अधिकारी र यथार्थ मल्लले गोल गरे । नेपाल आदर्शका आकाश मल्लले गरेको गोल सान्त्वना बनेको थियो । जितसँगै साइन गाउँले ६ अंक जोड्यो । साइन गाउँले पहिलो खेलमा आर्माडी इन्जिनियर बोर्डिङ स्कुल रामबाछ्लालाई ५-० गोल अन्तरले पराजित गरेको थियो । उक्त खेलमा यथार्थ मल्लले ३ र आयुष अधिकारीले २ गोल गरेका थिए ।

यस्तै, दिनको अन्तिम खेलमा पोल 'डी' मा रहेको पर्वत इङ्लिस बोर्डिङ स्कुलले झुम्रे माध्यमिक विद्यालय वालिङलाई २-१ गोलले पराजित गर्‍यो । पर्वतका लागि श्याम परिहारले गोल गरे । झुम्रेका अभिजित कुमारले आत्मघाती गोल गरे । झुम्रेका अभिषेक परिहारले गरेको गोल सान्त्वना रह्यो ।



भारतको उत्तरपूर्वी राज्य आसामको नगाउँ जिल्लाको काथियाटोली सहर नजिकैको बोक्लुङ गाउँमा ताल सुकेर सुक्खा बनेको जमिनमाथि साइकल लिएर हिंड्दै एक व्यक्ति । *तस्बिरः सिन्ह्वा*

# युद्धविरामलाई लिएर हमासले 'सोचविचार' गर्नुपर्दैन : ब्लिंकेन

**वासिङ्टन–** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले इजरायलसँगको युद्धविराम सम्झौतालाई स्वीकार गर्न हमासले कुनै 'सोचविचार' गर्नु नपर्ने बताएका छन् । यद्यपि हमासको गाजा-आधारित नेतृत्वको मनसाय अस्पष्ट रहेको उनले बताए ।

गाजा पट्टीलाई नियन्त्रण गरेको हमासले बन्धकहरूलाई मुक्त गरेको बदलामा इजरायलको आक्रमणलाई अस्थायीरूपमा रोक्ने इजिप्ट र कतारको मध्यस्थतामा लामो समयदेखि जारी वार्ता पुनः सुरु गर्नका लागि आफ्नो प्रतिनिधिमण्डल शनिबार कायरो फर्कने घोषणा गरेको छ ।

'वास्तवमा युद्धविराम र बन्धकहरूको रिहाइको जवाफमा उनीहरूले हुन्छ भन्न सक्छन् वा सक्दैनन् भन्नेबारेमा हामीले प्रतीक्षा गरिरहेका छौं,' ब्लिंकेनले शुक्रबार भने, 'अहिलेको वास्तविकता भनेको गाजाका जनता र युद्धविरामको बीचमा उभिएको एक मात्र चिज हमास हो ।' लडाकुहरूले प्यालेस्टिनी जनताको 'प्रतिनिधित्व गरेको दावीलाई' ध्यानमा राख्दै ब्लिंकेनले भने, 'यदि यो सही हो भने युद्धविरामलाई ग्रहण गर्न कुनै सोचविचार गर्न जरुरी छैन, तर सम्भवतः अरु केही भइरहेको छ र आगामी दिनमा हामीसँग यसको राम्रो चित्र हुने छ ।'

विदेशमन्त्री ब्लिंकेनले हमाससँगको वार्तामा कठिनाइहरू औंल्याए । हमासलाई अमेरिकाले आतंकवादी समूह मान्छ र प्रत्यक्षरूपमा वार्तामा सामेल हुँदैन । हमासलाई इजरायलले समाप्त पार्ने वाचा गरेको छ । 'कतारी र इजिप्टेलीमार्फत हामीसँग अप्रत्यक्षरूपमा संलग्न रहेका हमासका नेताहरू निश्चितरूपमा गाजाबाहिर बस्छन्,' ब्लिंकेनले भने, 'अन्तिम निर्णय लिनेहरू वास्तवमा गाजामा बस्छन् र



उनीहरूसँग हामीमध्ये कसैको पनि प्रत्यक्ष सम्पर्क छैन ।'

ब्लिंकेनले मध्यपूर्वको आफ्नो पछिल्लो भ्रमणमा इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहु र अन्य शीर्ष नेताहरूसँग भेट गरेको केही दिनपछि एरिजोनामा म्याक्केन इन्स्टिच्युटको सेडोना फोरमलाई सम्बोधन गर्दै थिए । ब्लिंकेनसँगको आफ्नो छलफलअघि नेतान्याहुले युद्धविराम वार्ताको नतिजालाई परवाह नगरी दक्षिणी गाजा सहर रफाहमा आक्रमण अगाडि बढाउने वाचा गरेका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनले इजरायललाई रफाहमा नजान बारम्बार चेतावनी दिएको छ । रफाहमा करिब १२ लाख प्यालेस्टिनीले आश्रय लिएका छन् ।

ब्लिंकेनले इजरायलले अहिलेसम्म 'हानिमा परेका नागरिकहरूको वास्तविक सुरक्षाका लागि विश्वसनीय योजना' पेस गर्न नसकेको बताए । इजरायलले सैन्य र कूटनीतिक समर्थनका लागि अमेरिकामा भरोसा गर्छ । 'यस्तो कुनै पनि योजनाको अभावमा हामी रफाहमा हुने ठूलो सैन्य अभियानको समर्थन गर्न सक्तैनौं किनकि यसबाट हुने नोक्सान स्वीकार्यको सीमाभन्दा बाहिर छ,' उनले भने । युद्धमा नागरिकहरूको मृत्युलाई लिएर विश्वव्यापी आलोचना बढेको छ भने बाइडेन प्रशासनमाथि पनि दबाब छ । *रासस/एएफपी*

# भारतले मे १० सम्ममा माल्दिभ्सबाट सैनिक प्रतिस्थापन गर्ने

**माले–** भारत र माल्दिभ्सले शुक्रबार द्विपक्षीय उच्चस्तरीय समूहको चौथो बैठक आयोजना गरेका छन् । बैठकमा मे १० सम्ममा माल्दिभ्सबाट भारतीय सैनिकको प्रतिस्थापनको समीक्षा भएको छ । भारत सरकारले निर्धारित समयभन्दा पहिले नै सैनिक प्रतिस्थापन गर्ने जनाएको छ ।

यसअघि नै मोहम्मद मुइज्जुको नेतृत्वमा रहेको माल्दिभ्स सरकारले औपचारिकरूपमा भारतलाई मालेबाट सेना फिर्ता लैजान अनुरोध गरेको थियो । माल्दिभ्सको विदेश मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा दुवै पक्षले विद्यमान द्विपक्षीय सहयोगको समीक्षा गरेको उल्लेख छ । 'विकास र रक्षा सहयोगलगायत आपसी हितका विभिन्न मुद्दाहरूमा छलफल भएको थियो,' विज्ञप्तिमा भनिएको छ, 'भारत सरकारले मे १० सम्ममा तीनवटा उड्डयन प्लेटफर्ममध्ये अन्तिममा सैन्य कर्मचारीहरू प्रतिस्थापन गरी तालिकाअनुसार अघि बढिरहेकोमा दुवै पक्षले सन्तोष व्यक्त गरेका छन् ।'

उच्चस्तरीय समूहको पाँचौं बैठक आपसी सहमतिअनुसार जुन/जुलाई महिनामा मालेमा आयोजना गर्ने सहमति भएको छ । गत महिना विदेश मन्त्रालयले माल्दिभ्समा भारतीय कर्मचारीहरूको पहिलो ब्याचलाई प्राविधिक कर्मचारीहरूले प्रतिस्थापन गरेको बताएको थियो । माल्दिभ्सका जनतालाई मानवीय र चिकित्सा निकासी सेवाहरू प्रदान गर्ने भारतीय उड्डयन प्लेटफर्महरूको निरन्तर सञ्चालन सक्षम पार्न भारत र माल्दिभ्स दुवै पारस्परिक व्यावहारिक समाधानमा सहमत भएका छन् । गत महिना विदेश मन्त्रालयले भारतीय प्राविधिक कर्मचारीहरूको पहिलो ब्याच रक्षाकर्मीहरू प्रतिस्थापन गर्न माल्दिभ्स पुगेको बताएको थियो । तेस्रो बैठक चाँडै हुने अपेक्षा गरिएको छ ।

मुलुकबाट भारतीय सेनालाई हटाउनु मुइज्जुको पार्टीको मुख्य चुनावी अभियान थियो । हाल माल्दिभ्समा डोर्नियर-२२८ समुद्री गस्ती विमान र दुई एचएएल ध्रुव हेलिकप्टरसहित करिब ७० जना भारतीय सैनिक तैनाथ छन् । *रासस/एएनआई*

# ८५ प्रतिशत जापानी सामाजिक सञ्जाल नियमनको पक्षमा : सर्वेक्षण

**टोकियो–** हालैको एक सर्वेक्षणले झण्डै ८५ प्रतिशत जापानी जनताले गलत सूचना, मानहानि र अन्य दुर्भावनापूर्ण अभ्यासहरू फैलिनबाट रोक्न सामाजिक सञ्जाल साइटहरूका लागि नियमन आवश्यक रहेको छ भन्ने पक्षमा रहेको देखाएको छ ।

मेलमार्फत असाही शिम्बुनले जापानको संविधान स्मृति दिवसका अवसरमा शुक्रबार जारी गरिएको सर्वेक्षणमा पहिलोपटक एक्स, फेसबुक र युटचुबजस्ता सामाजिक सञ्जाल साइटहरूका लागि नियममनबारे प्रश्नहरू सोधेको थियो । राष्ट्रव्यापी सर्वेक्षणले केवल ११ प्रतिशत उत्तरदाताले मात्र सामाजिक सञ्जाल नियमन अनावश्यक रहेको भनेको छ । नियमनको पक्षमा हुनेमध्ये ६७ प्रतिशतले कानुनी कारबाही लिनुपर्छ भनेका छन् भने ३० प्रतिशतले व्यवसाय र अन्यद्वारा स्वेच्छिक कार्यहरूलाई प्राथमिकता दिएका छन् ।

सामाजिक सञ्जालमा प्रयोगकर्ताको रुचिअनुसारको जानकारी स्वचालितरूपमा प्रस्तुत गर्ने विशेषता छ । तसर्थ प्रयोगकर्ताहरूले रुचिअनुरूप नभएका धेरै जानकारी गुमाउनसक्ने असाही शिम्बुनले रिपोर्ट गरेको छ । सर्वेक्षणमा सहभागी उत्तरदातामध्ये ८० प्रतिशतभन्दा बढीले चुनावमा गलत सूचनाको प्रभाव र अरूविरुद्ध मानहानिको बारेमा चिन्ता व्यक्त गरेका थिए ।

के तपाईंलाई राजनीति र समाजमा फरक दृष्टिकोण प्रस्तुत गर्नु राम्रो हो जस्तो लाग्छ ? भन्ने प्रश्नमा ६९ प्रतिशतले 'लाग्छ' र २२ प्रतिशतले 'लाग्दैन' भनेका छन् । द्वन्द्व परित्याग गर्ने संविधानको धारा ९ को सम्भावित परिमार्जनका सम्बन्धमा ६१ प्रतिशतले यसलाई यथावतै छोड्नुपर्ने बताएका छन् भने र ३२ प्रतिशत संशोधनको पक्षमा रहेका थिए । *रासस/सिन्ह्वा*

# इन्डोनेसियामा बाढी र पहिरोबाट १५ को मृत्यु



**जाकर्ता–** मध्य इन्डोनेसियामा पहिरो र बाढीले दर्जनौं घर बगाउँदा १५ जनाको मृत्यु भएको छ । बाढीले सडकहरू क्षतिग्रस्त भएको देशको विपद् एजेन्सीले शनिबार जनाएको छ ।

इन्डोनेसियामा वर्षाको मौसममा लामो समयसम्म परेको वर्षाले केही क्षेत्रहरूमा बाढी आएकाले केही ठाउँमा समस्या बढेको छ । शुक्रबार दक्षिण सुलावेसीको लुवु रिजेन्सीमा पहिरो गएको इन्डोनेसियाको विपद् न्यूनीकरण एजेन्सी (बिएनपिबी) का प्रवक्ता अब्दुल मुहारीले एक विज्ञप्तिमा बताए ।

दक्षिण सुलावेसी प्रान्तको लुवु रिजेन्सीमा बाढी र पहिरोका कारण १४ जना बासिन्दाको मृत्यु भएको उनले जानकारी दिए । पहिरोले करिब १०० भन्दा बढी घर गम्भीर क्षतिग्रस्त भएको, ४२ वटा बगाएको तथा चार सडक र एक पुल क्षतिग्रस्त भएको एजेन्सीले जनाएको छ ।

करिब १०० भन्दा बढी मानिसलाई मस्जिद तथा आफन्तको घरमा सारिएको बताउँदै अधिकारीहरूले एक हजार ३०० भन्दा बढी परिवार प्रभावित भएको उल्लेख गरे । दक्षिण सुलावेसी प्रान्तको अर्को क्षेत्रमा शुक्रबार बाढीमा कम्तीमा एक जनाको मृत्यु भएको र अन्य दुई जना घाइते भएको अब्दुलले अर्को विज्ञप्तिमा जनाए ।

मार्चमा सुमात्रा टापुमा आकस्मिक बाढी र पहिरोले कम्तीमा ३० जनाको ज्यान लियो भने अझै धेरै अझै बेपत्ता छन् । डिसेम्बरमा सुमात्राको टोबा ताल नजिकैको पहिरो र बाढीले दर्जनौं घर बगाएको थियो भने एउटा होटल ध्वस्त हुँदा दुई जनाको मृत्यु भएको थियो । विशेषज्ञहरूका अनुसार इन्डोनेसियाले वर्षाको मौसममा प्रतिकूल मौसमी घटनाहरूको शृंखलाको सामना गरेको छ । यो जलवायु परिवर्तनले अझै धेरै बढिरहेको छ । *रासस/एएफपी*

# आर्थिक स्वतन्त्रताका लागि अफगानी महिलाहरू व्यवसायमा

**काबुल–** अफगान महिलाहरू घरायसी भूमिकामा सीमित छन् भन्ने प्रचलित अवधारणाबीच आर्थिक स्वतन्त्रताका लागि साहसपूर्वक व्यवसाय सुरु गरी विद्यमान अवरोधहरू तोड्दै छन् । अफगानिस्तानको राजधानी काबुलमा आयोजित कृषि उत्पादनहरूको वार्षिक मेलामा आफ्ना व्यवसाय र बिक्री विस्तार गर्ने आशामा आफ्ना उत्पादनहरू प्रदर्शन गर्दै देखिएकी सोना मिर्जादा यस्तै एक व्यवसाय सुरु गरेकी अग्रगामी महिला हुन् ।

अफगान कार्यवाहक सरकारको कृषि, सिँचाइ र पशुधन मन्त्रालयले कृषि उत्पादन र व्यापारलाई बढावा दिने उद्देश्यले बुधबारदेखि चारदिने कार्यक्रमको आयोजना गरेको छ । स्थानीय व्यापारी तथा कृषकले ५६ महिलासहित २६३ वटा स्टलमा उत्पादित र उपभोग्य वस्तु प्रदर्शनीमा राखेका छन् ।

'हामी कृषि र पशुपालनमा संलग्न छौं र कृषि क्षेत्रमा मरिचलगायतका बिरुवा रोप्छौं,' मिर्जादाले भनिन् । मिर्जादाले आफ्नो कम्पनीले ६० जना महिला



कामदारलाई रोजगार दिएको बताइन् । बाल्खको प्रान्तीय राजधानी मजार-ए-सरिफकी बासिन्दा मिर्जादाले एक वर्षअघि एक लाख अफगानीको प्रारम्भिक पुँजी लिएर आम्दानी बढाउने परियोजना सुरु गरेको बताइन् ।

गत वर्ष आफ्नो पुँजी ११ लाख अफगानी भएको उल्लेख गर्दै उनले आफ्ना प्रत्येक कामदारले मासिक पाँच हजार अफगानी कमाउन सक्ने जानकारी दिइन् । 'हामीसँग काम गर्ने कुनै पनि महिलाले मासिक तीन हजारदेखि पाँच हजार अफगानी कमाउन सक्छन्, उनीहरूले आफ्नै बगैंचामा काम गर्छन्, घरबाहिर जानुपर्दैन,' एक व्यवसायीले भने । उनका ग्राहकहरूमा घरपरिवार, रेस्टुरेन्ट र मसलायुक्त खानाका उत्साहीहरू रहेका छन् ।

अर्का व्यवसायी नाजिमा ख्वाजाजादाले हातले बुनेका गलैंचा, हस्तशिल्प र चाँदीका गहना बेच्ने गरेको बताए । एक महिला उद्यमीको नेतृत्वमा रहेको स्थानीय उद्यम नार्सिस कम्पनीमा बिक्रेताको रूपमा कार्यरत ख्वाजाजादाले अफगान महिलालाई समर्थन र सशक्तीकरण गर्ने आफ्नो मालिकको प्रयासलाई प्रस्ट पारे ।

मालिक महिला भएकाले महिला सशक्तीकरणमा योगदान पुऱ्याउन प्रयासरत रहेको उनको भनाइ छ । अहिले कम्पनीमा काम गरिरहेका लगभग १७० महिलामध्ये अधिकांश आफ्नो परिवारका लागि कमाउने व्यक्ति भएको ख्वाजाजादाले बताए । यद्यपि उनले आर्थिक कठिनाइ र घट्दो मागका बीच कम्पनीको घट्दो आम्दानीको बारेमा चिन्ता व्यक्त गरे । कम्पनीको मासिक आम्दानी पहिले पाँचदेखि छ हजार डलरको बीचमा रहेको तर आजभोलि आर्थिक मन्दीका कारण मुस्किलले एक लाख अफगानी कमाउने गरेको उनले बताए । युद्धग्रस्त अफगानिस्तानको करिब तीन करोड ५० लाख जनसंख्याको करिब ८० प्रतिशत जीविकोपार्जन र परिवारको भरणपोषणका लागि कृषिमा निर्भर छन् । *रासस/सिन्ह्वा*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३५४०० | प्रति तोला – १३४७५० | प्रति तोला – १६४५ |



**पहेंलपुर गहुँबाली** | बैतडी जिल्लाको पाटन नगरपालिकामा पाकेर पहँलेपुर भएको गहुँबाली ।

*तस्बिरः रत्न श्रेष्ठ/रासस*

## ‘आगामी बजेट पछाडि परेका वर्ग र क्षेत्रमा केन्द्रित’

■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट राष्ट्रिय सूचकमा पछि परेका वर्ग र क्षेत्रमा केन्द्रित हुने बताएका छन् । सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा बसेको दशौँ पूर्ण बैठकमा उनले विगतका नीति तथा कार्यक्रम र बजेटबाट शिक्षा लिँदै आगामी आवको नीति कार्यक्रम र बजेटलाई अघि बढाइने बताए ।

‘उत्पीडित, गरिबलाई कसरी उकास्न सक्छौं, सुशासन, समृद्धि र सामाजिक न्यायलाई केन्द्रित गरेर नीति तथा कार्यक्रम र बजेट ल्याइनेछ’, प्रधानमन्त्री दाहालको भनाइ उदृत गर्दै माओवादीका मुख्य सचेतक हितराज पाण्डेले भने । प्रधानमन्त्री दाहालले राष्ट्रिय सूचकमा सबैभन्दा पछाडि परेका वर्ग तथा क्षेत्रलाई कसरी राज्यको



मूलप्रवाहमा ल्याउन सकिन्छ भन्नेबारेमा पनि सुझाव दिन आग्रह गरेका थिए ।

बैठकमा संसदीय दलका नेता दाहालले अहिलेको नीति तथा कार्यक्रम र बजेट कसरी अघि बढ्छ र त्यसका लागि के-के गर्नुपर्छ, सरकारले कसरी सोचिरहेको छ भन्नेबारेमा निर्देशन गरेको मुख्य सचेतक पाण्डेले जानकारी दिए । प्रधानमन्त्री दाहालले अर्थमन्त्रीसहित माओवादीबाट सरकारमा सहभागी भएका मन्त्रीलाई दलका तर्फबाट प्रतिनिधित्व गर्ने सांसदसँग अन्तरक्रियासहित सुझाव लिन निर्देशन दिएका थिए ।

‘मधेस (हुलाकी राजमार्ग आसपासका क्षेत्र), कर्णाली, दलित, उत्पीडित जातिलगायतलाई उकास्ने गरी सुझावलाई केन्द्रित गरिदिनुहोस्’, प्रधानमन्त्री दाहालको भनाइ उदृत गर्दै उनले भने । प्रधानमन्त्री दाहालले उत्पादन वृद्धि र रोजगारी सिर्जनामा जोड पुग्ने गरी नीति कार्यक्रम र बजेटमा सुझाव दिन आग्रह गरे । विभिन्न क्षेत्रका विज्ञ तथा जनताको बीचमा प्राप्त सुझावलाई पार्टीका माध्यमबाट सरकारसमक्ष पुऱ्याउन अनुरोध गरे ।

बैठकमा सांसदहरूले जनतामा विश्वास पैदा गर्ने नीति तथा कार्यक्रम र बजेट ल्याउन सुझाव दिएका थिए । ‘अहिलेको आर्थिक अवस्था, स्रोतको अपर्याप्तता र जनताको अपेक्षालगायत बारेमा सांसदले सुझाव दिनुभएको छ’, उनले भने ।

मुख्य सचेतक पाण्डेले यही वैशाख २८ गतेदेखि सुरु हुने संसद्को चौथो अधिवेशनलाई व्यवस्थित र प्रभावकारी बनाउने, विधेयकलाई विषयगत समितिबाट पारित गर्न जोड दिने बैठकको निर्णय रहेको जानकारी दिए । संसद्लाई बिनाअवरोध सञ्चालन गर्न सत्ता साझेदार दलसँग पनि छलफल गरिने जानकारी दिँदै उनले प्रमुख प्रतिपक्षी र विपक्षी दलसँगको छलफलबाट निष्कर्षमा पुगिने बताए ।

## गरिबी हटाउन कृषि र पशुपालनमा जोड दिन मुख्यमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**पोखरा–** गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले देशको गरिबी हटाउन कृषि र पशुपालनमा जोड दिनुपर्ने बताएका छन् । पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय पोखराद्वारा शनिबार आयोजित तृतीय प्रगति समीक्षा गोष्ठीमा मुख्यमन्त्री अधिकारीले कृषि र पशुपालनलाई अगाडि नबढाउँदासम्म गरिबी हटाउन नसकिने बताए । गण्डकी प्रदेशलाई मासु, माछा, अण्डा, दूधलगायतमा पूर्ण आत्मनिर्भर बनाउँदै निर्यात गर्न सक्ने अवस्थामा लैजाने उनले बताए ।

किसान तथा उपभोक्ताको हितका लागि बिचौलियाको अन्त्य हुनुपर्ने आवश्यकता औंल्याउँदै मुख्यमन्त्री अधिकारीले यसको समाधानका लागि पशुपालक किसान र उपभोक्ताबीचमा सरकारले पुलको काम गर्न आवश्यक भएको उल्लेख गरे । बिचौलियाका कारण किसानलाई लागत खर्च उठाउन मुस्किल हुँदा व्यवसायबाटै पलायन हुनुपर्ने अवस्था तथा उपभोक्तालाई चर्को मूल्य तिर्न बाध्य हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने उनको भनाइ थियो ।

स्थानीय तथा प्रदेश सरकारले न्यूनतम समर्थन मूल्य तोकेर मासु खपत गराउने र बजारसम्म पुऱ्याउने काम गर्नुपर्नेमा मुख्यमन्त्री अधिकारीले जोड दिए । मासु तथा दुग्धजन्य पदार्थ उत्पादन गरेपछि बेच्ने कहाँ भन्ने चिन्तासमेत हुने गरेकाले बजारीकरणसहित बजारको सुरक्षामा सरकारले ध्यान दिनुपर्ने उनले बताए । गण्डकी प्रदेशमा दोस्रो पञ्चवर्षीय योजनाको आधारपत्र बन्दै गरेका कारण त्यसलाई थप परिपक्व बनाउनका लागि सुझाव दिन मुख्यमन्त्री अधिकारीले आग्रह गरे ।

कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव डा टङ्कप्रसाद प्रसाईं, निर्देशनालयका महानिर्देशक डा प्रेरणा सेढाँइ (भट्टराई), डा बालकुमार श्रेष्ठ, डा सपनालक्ष्मी घिमिरे, भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डेले प्रगति विवरणसहितका प्रस्तुति राखेका थिए ।

## भन्सारमै सड्यो करोडौंको चिनी

**नवलपरासी (प्रस)–** पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका-१ मा रहेको महेशपुर भन्सार कार्यालयको गोदाममा एक हजार आठ सय बोरा चिनी सडेको छ । भारतबाट अवैधरूपमा भित्र्याएको चिनी गुण नियन्त्रण कार्यालय भैरहवाले खान अयोग्य रहेको भनेपछि लिलाम गर्न नमिल्दा एक करोड बराबरको चिनी भन्सारको गोदाममै सडेको हो ।

भन्सार कार्यालयका सुचना अधिकारी मोहराज जैसीका अनुसार प्रहरीले अवैध रूपमा भित्र्याइएको कपडा, मोबाइलका पार्टस, हार्डवेयर, विभिन्न प्रकारका मोबाइल कभरसमेत भन्सार कार्यालयमा बुझाएको छ । उक्त सामान लिलाम गर्ने प्रक्रिया लामो हुँदा लिलाम गर्न ढिला भएको छ । ‘समान लिलामका लागि सूचना सार्वजनिक गर्दा व्यापारीहरूले सामानको मूल्य बढी भयो भन्दै लिलाम सकार गर्न नमानेपछि एक करोड मूल्य बराबरको समान गोदामभित्र सडिरहेको छ’, सुचना अधिकारी जैसीले भने ।

उद्योग वाणिज्य संघ र भन्सार कार्यालयले समानको बजार मूल्य तोकेका आधारमा बरामद गरिएका सामानहरूको मूल्य तोकेर सामानसहित कारबाहीका लागि प्रहरीले भन्सार कार्यालयमा बुझाउने गरेको जिल्ला प्रहरीका सूचना अधिकारी रेशम बोहराले जानकारी दिए ।

सुरक्षाकर्मीहरूले रातदिन सीमाक्षेत्रमा खटेर पक्राउ गरेका अवैध मालसामान भन्सार कार्यालयले समयमै लिलाम नगर्दा दुई करोड मूल्य बराबरको विभिन्न समान गोदाममै सडेको हो ।

## दूध बिक्रीबाट मनग्य आम्दानी

**तम्घास (गुल्मी)–** गुल्मीको रेसुङ्गा नगरपालिका-७ का शम्भु पाण्डे रोजगारीका लागि १२ वर्ष विदेश बस्नुभयो । विदेश (दुवई)मा उनले होटलमा काम गर्थे उनी एकपटक घर आएको बेला फेरि विदेश जान मन लागेन । अन्ततः उनले २०७० सालदेखि व्यावसायिक गाईपालन सुरु गरे ।

सिद्धबाबा गौशला तथा कृषि फर्ममा १० गाईबाट व्यवसाय सुरु गरेका पाण्डेको गोठमा अहिले १५ माऊ गाई छन् । त्यसबाहेक साना बाच्छीहरू पनि छन् । गाईबाट पाण्डेले दैनिक न्यूनतम ८० लिटर दूध उत्पादन गर्नुहुन्छ । प्रतिलिटर रु ७५ मा तम्घासमा उक्त दूध बिक्री गर्छन् ।

‘दैनिक ६ हजारको दूध बिक्री हुन्छ । मासिक रु एक लाख ८० हजार वार्षिक रु २१ लाख ६० हजारभन्दा बढी आम्दानी हुन्छ,’ पाण्डेले भने, ‘दूध बिक्रीबाट आम्दानीसँगै सन्तुष्टि पनि मिलेको छ ।’ विदेशको काममा स्वतन्त्रता नहुने भन्दै उहाँले विदेशको काम र स्वदेशको कर्ममा तुलना गर्न नसकिने बताए । पाण्डेसँग अहिले जर्सी, होलिस्टाइनलगायत जातका गाई छन् । ‘बिहान साढे ४ बजे उठेर गाईको स्याहारसुसारमा लाग्छु,’ उनले भने, ‘एकचित्त भएर काममा लागे सफल भइन्छ ।’

धुर्कोट गाउँपालिका-६ का मेघनाथ अर्यालले कोभिड-१९ भन्दा अगाडि बुटबलमा व्यवसाय गर्थे । विसं २०७७ मा कोरोनाले उनलाई घर फर्कायो । बच्चाबच्चीको पढाइ पनि बन्द भयो । कोभिडले केही समय बुटबल फर्किने स्थिति भएन । केही समयका लागि गाउँ आएका अर्याल पुनः बुटबल नफर्किने गरी भैँसी व्यवसायमा लागे । २०७७ सालबाटै ‘अर्याल पुशपक्षी फर्म’ बाट भैँसीपालन व्यवसायमा लागेका अर्यालको गोठमा अहिले २२ वटा माऊ भैँसी छन् । त्योबाहेक साना पाडापाडी गरेर ३० वटाभन्दा धेरै छन् ।

‘प्रतिलिटर सय रूपैयाँमा दैनिक ८० लिटर दूध घरबाटै बिक्री भइरहेको छ,’ अर्यालले भने, ‘गाउँका १० जनालाई रोजगार पनि दिएको छु ।’ उनले एउटा याममा एक सय ५० लिटरसम्म दूध बिक्री गरेको बताए । व्यवसाय सुरु गर्दाको वर्ष बाहिरी वातावरण नबुझेर घाटामा गए पनि अहिले फर्मको स्थिति सुधारजनक रहेकाले भैँसीपालन व्यवसायमा सन्तुष्टि मिलेको छ । अर्यालले गत वर्ष भेटेरिनरी कार्यालयले रु पाँच लाखको कार्यक्रम दिएर सहयोग गरेको बताए । सुरुमा गाउँमै भैँसीपालन व्यवसाय गर्छुभन्दा नपत्याउने गाउँलेहरू अहिले आफ्नो कर्म देखेर दङ्ग परेका अर्यालको भनाइ छ ।

अर्यालले भैँसीपालन व्यवसायका साथसाथै व्यावसायिक मकै र धानखेती पनि गरेको छ यसका लागि मालिका गाउँपालिका-६ मा वार्षिक रु १८ लाख तिर्नेगरी जग्गा भाडामा लिएका छन् । तर गाउँमा कामदार नपाइने समस्या भएको अर्याल बताए ।

पाण्डे र अर्याल मात्र होइन, धुर्कोट गाउँपालिका-५ वस्तुका रवीन्द्र घिमिरे पनि दूध उत्पादनमै व्यस्त छन् । बिहानदेखि बेलुकासम्म उनको समय गाई/भैँसीको स्याहार, दूध दुहुने, ब्याकेटिङ गर्ने र बजार पठाउनेमा बित्छ । ‘अहिलेसम्म रु एक करोड छ लाख लगानी लगाएको छु, यसबाट ३० गाई/भैँसी अट्ने गोठ बनाएको छु । ३० गाई/भैँसी पनि किनेको छु’ घिमिरेले भने, ‘भैँसीपालन व्यवसायबाट म र मेरो परिवार सन्तुष्ट छ ।’ घिमिरेले दैनिक ७० भन्दा बढी लिटर दूध बिक्री गरिरहेको बताए । उनले २०६२ सालमा त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर गरेका हुन् । सानैदेखि आफू पनि स्वरोजगार बन्ने र अरूलाई पनि स्वरोजगार बनाउने आफ्नो लक्ष्य भएको घिमिरे बताउँछन् । कोरोना महामारीपछि गाउँ आएर व्यवसाय सुरु गर्दा घरमा र गाउँमा कसैले नपत्याएको उनी बताउँछन् ।

‘सुरुमा त कसैले पत्याएनन् तर निरन्तर गर्दै गए,’ घिमिरेले भने, ‘अहिले व्यावसायिक कृषक बन्न पाउँदा खुसी लागेको छ ।’ माथिल्लो तह अध्ययन गरेर विदेश नै जानुपर्छ भन्ने धारणा गलत साबित गराउन आफू लागिपरेको उनले बताए । हिमालय माविबाट एसएलसी दिएपछि उच्च शिक्षा अध्ययन गर्न गाउँ छोडेको २२ वर्षपछि घिमिरे फेरि गाउँ फर्किएर व्यावसायिक भैँसीपालनमा लागेका हुन् । राज्यले कृषि क्षेत्रलाई अगाडि बढाउन अनुदानको सट्टा सरल कृषि कर्जाको व्यवस्था गर्नुपर्ने घिमिरेको भनाइ छ । लम्पी स्किन रोगबाट धेरै गाई/भैँसी गुमाए पन क्षतिपूर्ति नपाएको उनको गुनासो छ ।

गुल्मीमा पाण्डे, अर्याल र घिमिरे त व्यावसायिक दुग्ध उत्पादनमा लागेका केही प्रतिनिधिमूलक कृषक मात्रै हुन् । बजारको कुनै समस्या नहुने र दूधबाट विभिन्न थरीका परिकार समेत बनाएर बिक्री गर्न सकिने भएपछि जिल्लाका किसान दुग्ध उत्पादनतर्फ आकर्षित भएका छन् । अधिकांश दूध सम्बन्धित स्थानीय बजारमै खपत हुने गरेको छ । त्यसका अलवा तम्घास, रिडी, सत्यवतीको जुहाङ्ग, रुरुक्षेत्रको बलेटक्सार, मुसिकोटको वामिटक्सार जस्ता ठाउँमा दूध बढी खपत हुँदै आएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका प्रमुख हुमाकान्त पाण्डेले गुल्मीको दुई लाख ६० हजार जनसंख्यालाई वार्षिक ९० लिटरका दरले पिउन पुग्नेगरी दूध उत्पादन भएको बताए । *रासस*


सर्पदंश (सर्पको टोकाई)बाट बच्न...

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घर वरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिँडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिँडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङ्गमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ